


फुकुओका नेपाल सोसाइटीको स्थापना कालको
३० औं वर्षको उपलक्ष्यमा प्रकाशित

# फुनेसो स्मारीका
# २०२५



FUNESO
Fukuoka Nepal Society

प्रकाशकः

**फुकुओका नेपाल सोसाइटी**

# ३०ऑं
# वार्षिक
# उत्सव

# शुभकामना



**डा. दुर्गा बहादुर सुवेदी**
**महामहीम राजदुत**
**नेपाली राजदुतावास टोकियो जापान**

हाम्रो देश नेपाल बहुजातीय, बहुधार्मिक, बहुभाषिक र बहुसाँस्कृतिक सार्वभौमसत्ता सम्पन्न लोकतान्त्रिक गणतन्त्रात्मक राष्ट्र हो। नेपाल धर्म, सँस्कृति, साहित्य, दर्शन र सभ्यताको एक प्राचीन केन्द्र पनि हो। प्राकृतिक दृष्टिले नेपाल जति सुन्दर र मनोरम छ, साँस्कृतिक दृष्टिले पनि हाम्रो देश वैभवशाली र गौरवशाली छ।

देश बन्न भूगोल र जनता मात्र पर्याप्त हुँदैन। देश बन्न जीवन्त जाति चाहिन्छ। जिउँदो जाति बन्न जीवन्त भाषा र साहित्य, जीवन्त कला र संगीत एवं जीवन्त संस्कार र संस्कृति चाहिन्छ। हाम्रो राष्ट्र नेपाल जीवन्त जातिले बनेको स्वतन्त्र, सार्वभौम र अखण्ड राष्ट्र हो। हजारौँ वर्षदेखि नेपालको पवित्र माटोमा नेपाली जातिले आफ्नो मौलिक भाषा र साहित्य, आफ्नो मौलिक कला र संगीत एवं आफ्नो मौलिक संस्कार र सस्कृति जोगाउँदै र जगाउँदै आएका छन।

वर्तमानमा हामी नेपालीहरु मेची र महाकालीको सीमा नाघेर सात समुद्रपारि सयभन्दा बढी मुलुकहरुमा पुगिसकेका छौँ। मित्र राष्ट्र जापानमा पनि हामी दुई लाखभन्दा बढी नेपालीहरु विभिन्न पेशा र व्यवसायमा कार्यरत रहेका छौँ। प्रवासमा पनि नेपाली समाज, नेपाली डायस्पोराको निर्माण भइरहेको छ। प्रवासी भूमिमा हाम्रो भाषा र साहित्य, हाम्रो धर्म र सँस्कृति एवं हाम्रो कला र संगीतको कसरी संरक्षण र सम्बर्धन गर्ने र प्रवासी आँगनमा हुर्कदैँ गरेका हाम्रा सन्ततिमा नेपालीपन र नेपाली मन कसरी सिञ्चित गर्ने भन्ने चिन्तन आजका अपरिहार्य आवश्यकता हो।

यसका लागि प्रवासमा पनि नेपालीहरुवीच एकता, सौहार्दता, सहिष्णुता, समझदारी र सहकार्य अपरिहार्य भइसकेको छ। फुकुओका नेपाल सोसाइटी जस्ता स्वनामधन्य सामाजिक संस्थाहरुले यस दिशामा सकारात्मक र रचनात्मक कदमहरु अगाडि बढाइरहेको थाहा पाउँदा मलाई अत्यन्त हर्ष लागेको छ। फुकुओका नेपाल सोसाइटीले जापानमा सामाजिक र साँस्कृतिक क्षेत्रमा गरिरहेका सत्कार्यहरुलाई जापानको नेपाली समाजमा एउटा महत्वपूर्ण उपलब्धीका रुपमा मैले लिएको छु। फुकुओका नेपाल सोसाइटीको उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना अर्पण गर्दछु।

समस्त जापानबासी नेपाली दाजुभाइ तथा दिदीबहिनीहरुको सुख, सुस्वास्थ्य, शान्ति, सम्मृद्धि र उत्तरोत्तर प्रगति होस।

नेपाल जापान सम्बन्ध अमर रहोस।

## फुनेसो स्मारीका २०२५

फुकुओका नेपाल सोसाइटीको स्थापनाको कालको ३० औं वर्षको अवसरमा प्रकाशित जापानमा रहेका नेपाली तथा आगामी दिनमा जापानमा आउनेहरुको सहयोगी पुस्तिका फुनेसो स्मारीका

प्रकाशक : फुकुओका नेपाल सोसाइटी २७ औं कार्यसमिति
संस्करण : प्रथम (सन २०२५)
प्रकाशन प्रति : ३०१

सर्वाधिकार : फुकुओका नेपाल सोसाइटी परीवार
आवरण एवम कम्प्युटर कार्य : वर्तमान सचिब उज्ज्वल बानियाँ
प्रिन्ट : हासु फ्लेक्स एण्ड स्टुडीयो

यस पुस्तकको कुनै अंश वा पुरै पुस्तक कुनै माध्यमद्धारा पुनरुत्थान, फोटोकपी वा प्रसारण गर्न पाइने छैन। यदि कसैले त्यसो गरेको पाइएमा प्रतिलीपी अधिकार ऐन अन्तरगत कारबाही गरीने छ।

विषय सुची


१. शुभकामना
२. पुर्व अध्यक्षहरुको विवरण
३. वर्तमान कार्यसमितिको विवरण
४. फुकुओका नेपाल सोसाइटीको विस्तृत जानकारी
५. फुनेसोले गरेका कार्यहरु
६. जापानमा पालना गर्नुपर्ने नियमहरु
७. जापानको विध्यार्थी जिवन र प्राप्त गर्न सक्ने छात्रवृतिहरु
८. नेपाल फेस्टिवल फुकुओका र यसको गौरब
९. जापानमा बच्चा जन्माउदा गर्नुपर्ने तयारी
१०. प्रवासको नेपाली पत्रकारीता, अब कता?
११. जापानको संघर्ष र वास्तविकता
१२. जापानी शिक्षा प्रणाली
१३. स्वर्णिम सपना र संघर्षको देश जापान
१४. बीमा, पेन्सन र कर सम्बन्धी जानकारी
१५. जापानमा कोठा खोज्दा ध्यान दिनुपर्ने कुराहरु
१६. नेपाली फुटबलको परिकल्पना र भविष्य
१७. जापानमा युनिभर्सीटीका लागी गर्नुपर्ने तयारी
१८. सोचेको जापान र वास्तविकता
१९. जापानमा नेपालीका लागी रोजगार भिसा सम्बन्धी जानकारी
२०. जापानः प्रवेश, संघर्ष र सफलता
२१. साकुराको फेदमा उभिएर
२२. तस्वीरहरुको कथा
२३. फुकुओकामा अवस्थीत संघसंस्थाहरुको विवरण
२४. फुनेसो फोटो संग्रह
२५. शुभकामनाहरु

# फुकुओका नेपाल सोसाइटी

## पुर्व अध्यक्ष ज्यूहरू



# फुकुओका नेपाल सोसाइटी



## २७ औं कार्यसमिति

# फुकुओका नेपाल सोसाइटी

## सल्लाहकार समिति



## मानार्थ सदस्य



## आजिवन सदस्य



# फुकुओका नेपाल सोसाइटीको बारेमा विस्तृत जानकारी

## इतिहास र उद्देश्य

स्थापना : १९९५ मा, थोरै नेपालीलाई एउटै मंचमा राख्न र जानकारी आदानप्रदान गर्नका लागि प्रारम्भ गरिएको थियो।

सदस्यता वृद्धि : हाल फुकुओकामा करिब छ,५,०००–१०,००० नेपालीले यो समाजसँग सम्बन्ध राख्छ।

मुख्य उद्देश्य : नेपाली र जापानी समुदायबीच सांस्कृतिक, सामाजिक, शैक्षिक र प्रशासनिक पुलको रूपमा काम गर्नु, नेपालीलाई रोजगारी, अध्ययन र दैनिक जीवनमा सहयोग पुयाउनु।

## ✨ प्रमुख क्रियाकलापहरू

सांस्कृतिक कार्यक्रमहरू :

- फुकुओकामा नेपाल फेस्टिवल आयोजनाको सुरुवात गरी आयोजना पनि गरिन्छ।
- हाकाता दोन्ताकुमा नेपालको प्रतिनिधीत्व गरी प्रत्येक वर्ष सहभागिता हुने।
- तिज धमाका जस्ता सांस्कृतिक कार्यक्रमको आयोजना गरिन्छ।

सामाजिक–शैक्षिक समन्वय :

- अध्ययन बैठक, जानकारी सत्र, अन्तरक्रिया कार्यक्रम सञ्चालन गरीने।

प्रशासनिक सहायता :

- जापानी निकायहरूसँग समन्वय गरी नेपालीहरूलाई सहायता।

समुदायिक विकास :

- दुख–सुख कोष, साझेदारी कार्यक्रम सञ्चालन।

## हालका गतिविधिहरू

३०औं वार्षिक उत्सव (२०२५) : मे ११, २०२५ मा भव्य रूपमा मनाइयो।

नेपाल फेस्टिवल : २०११ बाट नेपाल फेस्टिवलको सुरुवात गरी यस वर्ष अप्रिल १२–१२ मा सम्पन्न, करीब १५,००० जना दर्शक सहभागी।

## संगठन संरचना

नियमित बैठक : हरेक महिना आयोजना।

कार्यसमितिहरू : २१ सदस्यीय कार्यसमिति हाल संयोजक इन्द्र प्रसाद घले।

विधान : १९९५, २००१, २०१७, २०२१ मा संशोधन।

## सामुदायिक प्रभाव

नेपाली–जापानी सांस्कृतिक सम्बन्ध मजबुत।

विद्यार्थी र कामदारहरूलाई सुरक्षित वातावरण।

बहुसांस्कृतिक समाजमा योगदान।

## सम्पर्क जानकारी

वेबसाइट : funeso1995.org

इमेल : info@funeso1995.org / funeso1995@gmail.com

फेसबुक : facebook.com/fukuokanepal

## निष्कर्ष

फुनेसोले सन १९९५ देखि निरन्तर सामाजिक, सांस्कृतिक, शैक्षिक र प्रशासनिक सेवाका माध्यमबाट फुकुओकामा बसोबास गर्ने नेपालीहरूको एकता, समृद्धि र चासो–अधिकार सुनिश्चित गरेको छ।

# फुनेसोले हाल सम्म गरेका कार्यहरुको विवरण

१९९५ सालमा नेपालीहरुको साझा चौतारीको रुपमा फुकुओकामा विभीन्न उद्देश्यले बसोबास गर्नुहुने अग्रजहरुले स्थापना गर्नु भएको यस संस्थालाई यहाँसम्म ल्याउन सहयोग गर्ने सम्पुर्ण सरोकारवाला निकाय तथा पुर्व अध्यक्ष, सम्पुर्ण कार्यसमिति तथा कार्यक्रमहरु गर्दै गर्दा प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा सहयोग गर्ने सम्पुर्णलाई पुन एक पटक हृदय देखीनै धन्यवाद ज्ञापन गर्दै हाल सम्म गरेका विभीन्न कार्यहरुलाई बुँदागत रुपमा राखीएको छ । साथै प्रत्येक वर्ष एकै खालका कार्यक्रमहरु निरन्तर रुपमा गर्दै आइरहेकोले मुख्य बुँदामात्र राखीएको छ ।

१. नेपाली नारीहरुको महान पर्व हरीतालीका तिजको अवसरमा नेपालबाट ख्याती प्राप्त कलाकारहरु बोलाई प्रत्येक वर्ष फुनेसो तिज कार्यक्रम गरीरहेको ।

२. नेपालीहरुको महान पर्व विजया दशमीमा नेपालीहरुमा भाइचारा बढाउने उद्देश्यले टिका ग्रहण तथा शुभकामना आदान प्रदान कार्यक्रम गर्दै आइरहेको छ ।

३. नेपालीहरुको दोस्रो महान पर्व भाइटीकाको पावन अवसरमा प्रत्येक वर्ष फुनेसो देउसी भैलो कार्यक्रम संचालन गरीरहेको छ ।

४. नेपाली विध्यार्थीहरुलाई लक्षित गरी अभिमुखिकरण कार्यक्रमहरुको संचालन गर्दै आइरहेको ।

५. जापनीज सरकारी तथा गैर सरकारी संस्थाहरुको आयोजनामा आयोजना हुने विभीन्न कार्यक्रमहरुमा नेपाल र नेपालीको प्रतिनिधीत्व गर्दै सहभागी भै प्राप्त जानकारी नेपाली समुदायमा सुचना आदान प्रदानको कार्य गर्दै आइरहेको छ ।

६. फुकुओकाको इतीहासमा पुरानो हाकाता दोन्ताकु मिनातो माचुरीमा नेपाल र नेपालीको प्रतिनीधित्व गर्दै प्रत्येक वर्ष परेड सहित सहभागी भैरहेको ।

७. जापानका कम्पनीहरुसँगको सहकार्यमा नेपालीहरुको लागी स्युस्योकु सेमिनारको आयोजना ।

८. नेपालमा २०७२ सालमा गएको महा भुकम्पमा जापानबाट सहयोग संकलन तथा नेपालमा संस्थाका प्रतिनीधिहरुको सहभागीतामा सहयोग हस्तान्तरण कार्यक्रम संचालन ।

९. विभीन्न समयमा राजदुतावास, अवैतनिक वाणिज्य दुतावास फुकुओका, एनआरएनए आइसीसी, एनआरएनए जापान लगाएतसँगको सहकार्यमा नेपालमा विदेशबाट लगानी भित्राउने पहल सहित विभीन्न सेमीनारको आयोजना ।

१०. जापान भ्रमणमा आउने विभीन्न व्यवसायीक व्यक्तित्वहरुसँग अन्तरक्रिया कार्यक्रमको आयोजना ।

११. २०११ मा बंगलादेशसँगको सहकार्यमा तत्कालीन अध्यक्ष रामकृष्ण श्रेष्ठको संयोजकत्वमा बैसाखी मेलाको सुरुवात जुन वर्तमान अवस्थामा नेपाल फेस्टिवल फुकुओकाको रुपमा एउटा ब्रान्ड बन्न सफल भएको छ ।

१२. विभीन्न नेपाली चाडपर्वको अवसरमा नेपालमा रहेका अनाथाश्रम, वृद्धाश्रमहरुमा सहयोग हस्तान्तरण ।

१३. नेपालमा रहेका सरकारी निकाय तथा स्वास्थ्य संस्थाहरुसँगको सहकार्यमा वृहत स्वास्थ्य शिवीरको संचालन ।

१४. जापानमा रहेका विभीन्न संघसंस्थाहरुसँगको सहकार्यमा नव आगन्तुक नेपालीहरुका लागी विभीन्न

कार्यक्रमहरुको आयोजना ।

१५. जापानमा भैपरी आउने विभीन्न प्राकृतिक प्रकोपहरुमा नेपाली तथा जापानीज समुदायमा सहयोग ।

१६. जापानका विभीन्न युनिभर्सीटीहरुमा हुने कल्चर आदानप्रदान कार्यक्रमहरुमा सहभागीता ।

१७. विभीन्न नेपाली पर्व तथा अवसरहरुमा विभीन्न कार्यक्रमको आयोजना ।

१८. जापानीज नागरीकहरुलाई नेपाली परीकारहरु बनाउन सिकाउने कार्यक्रमहरु ।

१९. अन्तराष्ट्रिय फुड फेस्टिवलहरुमा सहभागीता ।

२०. विभीन्न अवसरहरुमा नेपालबाट ख्याती प्राप्त कलाकारहरु बोलाई सांस्कृतिक कार्यक्रमहरुको आयोजना ।

२१. फुकुओका नेपाल सोसाइटीको आधिकारीक होमपेज निमार्ण तथा अपडेट ।

२२. विभीन्न अवसरमा आधिकारीक लोगो परिवर्तन ।

२३. फुकुओकाको जापानीज समाजमा नेपाल र नेपाली खानाको परिचयका लागी विभीन्न कोमीन खानमा कार्यक्रमहरुको आयोजना ।

२४. फुनेसोको सहकार्यमा पोखरामा जापानीज समुहले विध्यालय संचालन ।

# जापानमा पालना गर्नुपर्ने नियमहरू

## १. ट्राफिक नियमहरू

१. बायाँतर्फ सवारी चलाउनुहोस : जापानमा सवारीहरू सडकको बायाँपट्टि चलाइन्छन ।

२. पैदल यात्रुहरूलाई प्राथमिकता दिनुहोस : जेब्राक्रसमा पैदल यात्रुहरूलाई सधैं प्राथमिकता दिनुपर्छ । यदि जेब्राक्रसमा पैदल यात्रीहरू छन भने, सवारी रोक्नु आवश्यक छ ।

३. सिट बेल्ट अनिवार्य छ : सवारीमा सबै यात्रुहरूले सिट बेल्ट लगाउनुपर्छ ।

४. बालबालिकाका लागि चाइल्ड सिटको प्रयोग : ६ वर्ष मुनिका बालबालिकाहरूका लागि उपयुक्त चाइल्ड सिट प्रयोग गर्नुपर्छ ।

५. रातो बत्तीमा मोड्न निषेध : रातो ट्राफिक बत्तीमा दायाँ वा बायाँ मोड्न अनुमति छैन ।

६. मोबाइल फोन प्रयोगमा प्रतिबन्ध : सवारी चलाउँदा मोबाइल फोन प्रयोग गर्न निषेध छ ।

७. मादक पदार्थ सेवन गरेर सवारी चलाउन निषेध : मादक पदार्थ सेवन गरेर सवारी चलाउन कडा प्रतिबन्ध छ, जसमा तीन वर्षसम्मको जेल सजाय वा ५००,००० येनसम्मको जरिवाना हुन सक्छ ।

८. बायाँतर्फबाट मोटरसाइकलहरू ओभरटेक गर्न सक्छन : मोटरसाइकलहरू बायाँतर्फबाट ओभरटेक गर्न सक्छन, त्यसैले बायाँतर्फ ध्यान दिनुहोस ।

९. टोल सडकहरू प्रयोग गर्दा शुल्क तिर्नुहोस : जापानमा धेरैजसो एक्सप्रेसवेहरू टोल सडकहरू हुन, जहाँ शुल्क तिर्नुपर्छ ।

१०. सडक चिन्हहरू र संकेतहरू बुझ्नुहोस : जापानी र अंग्रेजी भाषामा रहेका सडक चिन्हहरू बुझ्न प्रयास गर्नुहोस, जसले तपाईंलाई सुरक्षित रूपमा सवारी चलाउन मद्दत गर्छ ।

नोट : जापानमा गाडीहरू र साइकललाई एउटै प्रकारको नियम लागु हुन्छ ।

## सार्वजनिक स्थानमा शिष्टाचार

१. भाडामा कराउने नगर्नुहोस – ट्रेन, बस, सार्वजनिक स्थलहरूमा ठूलो स्वरमा नबोल्नु राम्रो मानिन्छ ।

२. फोन सार्वजनिक यातायातमा साइलेंटमा राख्नुहोस र कल गर्न निषेध छ ।

३. पंक्तिबद्ध हुनुहोस – कतै पनि (जस्तै: रेल चढदा, पसलमा) लाइनमा बस्नुपर्छ ।

## सफाइ सम्बन्धी नियमहरू

१. फोहोर आफैंसँग राख्नुहोस – धेरै सार्वजनिक स्थानमा डस्टबिन हुँदैन, त्यसैले फोहोर झोलामा हालेर घर वा होटेलसम्म लैजानुपर्छ ।

२. जुत्ता खोल्नु पर्ने ठाउँमा खोल्नुहोस – घरभित्र, केही रेस्टुरेन्ट वा मन्दिरहरूमा प्रवेश गर्दा जुत्ता खोल्नुपर्छ ।

संवेदनशील व्यवहारहरू

१. झुकाएर अभिवादन गर्नु (お辞儀 - Ojigi) जापानी संस्कृतिमा नमस्कार, धन्यवाद वा माफी माग्दा झुकाउनु परम्परागत शिष्टाचार हो ।

२. माथिल्लो आवाजमा विरोध जनाउनु हुदैन – सार्वजनिक रूपमा रिस पोख्न, कराउन वा झगडा गर्न नकारात्मक रूपमा लिइन्छ ।

## खानपिनसम्बन्धी नियमहरू

खानु अघि "Itadakimasu" र पछि "Gochisousama" भन्नु – यसको अर्थ म यस भोजनलाई सम्मानपूर्वक ग्रहण गर्छु र धन्यवाद हुन्छ।

खानाको पैसा छुटटाछुटटै तिर्नु सामान्य हो – जापानमा warikan (割り勘) अर्थात बिल बाँडेर तिर्ने चलन छ।

## छिमेकीसँग सम्बन्ध

ध्वनि प्रदूषणबाट जोगिनुहोस – घरभित्र ठूलो स्वरमा संगीत, गफ, वा अन्य आवाज नगर्नु राम्रो मानिन्छ।

## कानुनी नियमहरू

१. पासपोर्ट वा ID साथमा राख्नु अनिवार्य छ – विदेशी नागरिकले सधैं आफ्नो ID साथमा राख्नुपर्छ।

२. धूम्रपान निषेध क्षेत्रहरूमा ध्यान दिनुहोस – खुला ठाउँमा धूम्रपान गर्न प्रतिबन्ध लाग्ने क्षेत्रहरू छन। निश्चित स्मोकिङ एरियामा मात्र गर्न मिल्छ।

## जापानमा स्कूल तथा कलेजमा पालना गर्नुपर्ने नियमहरू

जापानमा विद्यालय (स्कूल) र कलेजहरूमा अध्ययन गर्ने विद्यार्थीहरूले पालना गर्नुपर्ने महत्वपूर्ण नियमहरू र शिष्टाचार यसप्रकार छन :

विद्यालय (स्कूल) मा पालना गर्नुपर्ने नियमहरू

१. युनिफर्म अनिवार्य

प्रायः सबै स्कूलमा निर्धारित युनिफर्म हुन्छ।

सहि तरिकाले लगाउनु पर्नेछ : टाई, स्कर्ट र प्यान्टको लम्बाइ, जुत्ता आदि पनि नियमअनुसार हुनुपर्छ।

२. कपाल र श्रृङ्गारमा कडाइ

विद्यार्थीले कपाल रंगाउन, नेल पेन्ट, मेकअप वा गहना लगाउन नपाइने नियम हुन्छ।

कपाल छोटो र सफा राख्नुपर्ने हो।

३. मोबाइल फोन निषेध

धेरै स्कूलहरूमा मोबाइल स्कूल ल्याउनै पाइँदैन, ल्याए पनि अफ गरेर झोलामा राख्नुपर्छ।

४. अनुशासन र नियमितता

समयमै स्कूल आउनुपर्छ (ढिलो हुँदा स्पष्टीकरण मागिन्छ)।

शिक्षकको सम्मान गर्नु, कक्षा शान्तिपूर्ण राख्नु आवश्यक छ।

५. सफा गर्ने जिम्मेवारी विद्यार्थीकै हो

जापानी स्कूलमा क्लिनर हुँदैन। विद्यार्थीहरूले आफैं कक्षा र शौचालय सफा गर्छन।

६. सहपाठीसँग राम्रो व्यवहार

गाली, जिस्क्याउने (bullying) वा भेदभाव कडा रूपमा निषेध गरिन्छ।

कलेज र विश्वविद्यालयमा पालना गर्नुपर्ने नियमहरू

१. कक्षा नियमित उपस्थित हुनुपर्छ

धेरै विश्वविद्यालयमा attendance पनि ग्रेडिङमा समावेश हुन्छ।

ढिलो आउने, बिनाअनुमति छुट्टी लिने आदि अनुशासन विपरीत मानिन्छ।

२. स्टुडेन्ट ID कार्ड साथमा राख्नु

परीक्षा, लाइब्रेरी, कलेज प्रवेश आदि सबैका लागि आवश्यक हुन्छ।

३. अनलाइन प्रणाली र समयपालना

असाइनमेन्ट, रिपोर्ट र प्रस्तुतीकरण समयमै बुझाउनु अनिवार्य हुन्छ।

४. पठन पाठनबाहेक पनि शिष्टाचार आवश्यक

कलेजभित्र सफा राख्ने, धूम्रपान तोकिएको स्थानमा मात्रै गर्ने, अरूलाई डिस्टर्ब नगर्ने नियमहरू पालना गरिन्छ।

५. शिक्षक र प्रशासनसँग सम्मानजनक व्यवहार

शिक्षकको नाम लिएर बोलाउँदा पनि “sensei” भन्ने गरिन्छ।

इमेल लेख्दा पनि विनम्र भाषा प्रयोग गरिन्छ।

## जापानमा बस तथा रेलमा पालना गर्नुपर्ने प्रमुख नियमहरू

१. शान्त रहनुहोस

बस वा ट्रेनभित्र ठूलो स्वरमा कुरा गर्नु निषेध छ।

फोनमा कुरा गर्नु हुँदैन, विशेष गरी शान्त क्षेत्र (silent car) मा।

फोन silent मोडमा राख्नुपर्छ (जसलाई जापानीमा "Manner Mode" भन्छन)।

२. हेडफोनको आवाज नियन्त्रण गर्नुहोस

तपाईंको हेडफोनबाट आवाज अरूले सुन्ने गरी बज्यो भने गुनासो आउन सक्छ।

३. प्राथमिकता सिटको सम्मान गर्नुहोस

वृद्ध, गर्भवती, अपांगता भएका वा साना बच्चा भएका व्यक्तिका लागि छुट्टै प्राथमिकता सिट (Priority Seat) हुन्छ।

तपाईं त्यहाँ बस्नु भए पनि, यदि कोही यस्तो व्यक्ति आए भने सिट छाडनु पर्छ।

४. झोला र सामान व्यवस्थित राख्नुहोस

झोलालाई पिठयुँमा होइन, अगाडि झुण्डयाउनु वा तल राख्नु राम्रो मानिन्छ।

ठूलो सामानले अरूलाई असजिलो हुने गरी राख्न हुँदैन।

५. अगाडि चढ्ने र पछाडि ओर्लिने नियम (बसका लागि)

जापानको केही बसहरूमा पछाडिबाट चढने र अगाडि ओर्लिने सिस्टम हुन्छ।

भाडा तिर्ने बेलामा IC कार्ड टयाप गर्ने वा नगद हाल्ने नियम हुन्छ।

६. IC कार्ड प्रयोग गर्नुहोस (जस्तैः Suica, Pasmo)

रेल वा बसमा छिटो र सहज यात्रा गर्न IC कार्ड प्रयोग गर्नु उत्तम हुन्छ।

कार्ड यात्रा सुरु गर्दा "IN" र यात्रा सकिएपछि "OUT" टयाप गर्नुपर्छ।

७. खुला खाना वा पेय पदार्थ निषेध

बस वा सामान्य ट्रेनहरूमा खाना खानु उचित मानिँदैन।

लामो दूरीको शिन्कानसेन (bullet train) मा चाहिँ ekiben (बेन्टो) खान मिल्छ।

८. लाइन पालना गर्नुहोस

रेल चढन लाइनमा बस्नु अनिवार्य छ।

प्लेटफर्ममा निर्धारित लाइनहरू हुन्छन – त्यहीअनुसार पालो पर्खनुहोस।

९. अरूप्रति सहानुभूति र सम्मान देखाउनुहोस

कोही असहज देखिएमा सिट दिनु, सहयोग गर्नु जापानी संस्कृतिको हिस्सा हो।

१०. धूम्रपान निषेध
बस तथा अधिकांश ट्रेनहरूमा पूर्ण धूम्रपान निषेध हुन्छ।
केही शिन्कानसेनमा मात्र स्मोकिङ रुम छुट्टै दिइएको हुन्छ।

## जापानी कम्पनीमा काम गर्दा ध्यान दिनुपर्ने प्रमुख कुराहरू

१. समयपालना (Punctuality)
समयमै कार्यालय पुग्नु अनिवार्य हुन्छ। ५–१० मिनेट अगाडि पुग्नु अझ राम्रो मानिन्छ।
ढिला हुने अवस्था भए तुरुन्तै जानकारी दिनुपर्छ।
२. शिष्ट अभिवादन र झुकाव (Ojigi)
सहकर्मी वा उच्चपदस्थ व्यक्तिलाई अभिवादन गर्दा हल्का झुक्नु (बो गर्नु) आवश्यक हुन्छ।
अभिवादन :
बिहान : 「おはようございます」(Ohayou gozaimasu)
दिउँसो : 「こんにちは」(Konnichiwa)
जान लाग्दा : 「お先に失礼します」(Osaki ni shitsurei shimasu)
३. कामप्रतिको जिम्मेवारी र समर्पण
आफ्नो जिम्मेवारी नछाडने, पूर्ण रूपमा ध्यान दिने र सहयोगी भावना राख्ने अपेक्षा गरिन्छ।
"Team-first mentality" – व्यक्तिगतभन्दा समूहको सफलता महत्वपूर्ण मानिन्छ।
४. उपयुक्त पोशाक (Dress Code)
कम्पनीको संस्कृति अनुसार formal वा business casual पोशाक लगाउनु पर्छ।
सफा, सादा, र व्यावसायिक देखिने लुगा लगाउने चलन हुन्छ।
५. संचार शिष्टाचार (Business Communication)
इमेलमा विनम्र भाषा प्रयोग गरिन्छ (敬語 - Keigo)।
हर काम रिपोर्ट, पुष्टि (報・連・相 = 報告, 連絡, 相談 – hōren-sō) को सिद्धान्त अनुसार गरिन्छ :
रिपोर्ट गर्नु (報告)
सम्पर्क राख्नु (連絡)
सल्लाह लिनु (相談)
६. सिनियर र ज्येष्ठ कर्मचारीको सम्मान
निर्णय गर्ने अधिकार प्रायः वरिष्ठ तहमा हुन्छ।
बैठक, भोजन, वा छलफलमा पनि ज्येष्ठलाई पहिलो प्राथमिकता दिने गरिन्छ।
७. कार्यालय सफा राख्ने बानी
जापानी कर्मचारीहरूले आफ्नै डेस्क र कार्यालय सफा राख्न ध्यान दिन्छन।
समूहमा कार्यालय सफा गर्ने समय पनि हुन सक्छ।
८. सोशल इभेन्ट (Nomikai – 飲み会) मा भाग लिनु
कार्यपछिका सामाजिक भेटघाट (जस्तै : खानपान, पार्टी) मा सहभागी हुनु टीम बिल्डिङ को अंश मानिन्छ।
अनिवार्य नभए पनि सहभागी हुँदा राम्रो छवि बनाउँछ।

९. सीधा "हो र छैन" भन्दा बच्नु

जापानीहरूले "होइन" भन्ने सट्टा नम्र रूपमा असहमत जनाउने गर्छन।

उदाहरण :

「ちょっと難しいかもしれません」(यो अलिक गाह्रो हुन सक्छ)

भन्ने शैलीले प्रत्यक्ष अस्वीकृति टार्छ।

१०. कडा परिश्रम र लगातार सुधार (Kaizen - 改善)

जापानी कार्यसंस्कृतिमा "Kaizen" भन्ने सिद्धान्त महत्वपूर्ण छ – सानो सानो सुधार गर्दै अघि बढ्ने।

सधैं आफूलाई सुधार्ने र नयाँ कुरा सिक्ने भावना राख्नुपर्छ।

# जापानको विध्यार्थी जिवन र प्राप्त गर्न सकिने छात्रवृत्तिहरु



दिपक देवकोटा
सचिब
अवैतनिक वाणिज्य दुतावास फुकुओका

नेपाल लगायत विभीन्न एसीयाली राष्ट्रहरुबाट जापानलाई सपनाको सहर बनाई उच्च शिक्षाका लागी जापान आउनेहरुको लहर लामो छ । हालको अवस्था हेर्दा आगामी दिनमा पनि यो लहर निरन्तर रहने अनुमान गर्न सकिन्छ । जापानमा भविष्य निमार्णका लागी आउने विध्यार्थीहरु दिनहुँ वृद्धि भएसँगै जापानमा विभीन्न अवसरहरु पनि वृद्धि भएका छन तर उक्त अवसरहरुको सदुपयोग नेपाली विध्यार्थीहरुले खासै गर्न सकेको पाइदैन ।

अहिलेको अवस्थामा नेपालबाट विध्यार्थी भिसामा जापान आउनेको लहर एकदमै धेरै रहेको र हालका विध्यार्थीहरुमा जापानको बारेमा थोरै मात्र ज्ञान भएको पाइएकामा यस छात्रवृत्ति सम्बन्धी जानकारीले सहयोग पुराउने आशा लीएको छु ।

जापानमा बच्चा तथा युवाहरुको जनसंख्या दिनहु घटीरहेको अवस्थामा हालको जापान विभीन्न क्षेत्रमा विदेशी कामदारको भरमा चलिरहेको छ । त्यसै क्रममा जापानमा उच्च शिक्षा अध्ययन गर्न चाहाने विदेशी विध्यार्थीहरुका लागी विभीन्न अवसरहरु पनि ल्याइ रहेको पाइन्छ । त्यस क्रममा पहिलाबाट नै भैरहेका विभीन्न छात्रवृत्तिहरु तथा अन्य नयाँ छात्रवृत्तिहरु पनि संचालनमा आइरहेका छन । त्यस मध्येका केही छात्रवृत्तिको बारेमा तल जानकारी दिइएको छ ।

जापानी विश्वविद्यालयहरूको लागि छात्रवृत्ति (留学生奨学金)

जापानमा अध्ययन गर्न चाहने विदेश विद्यार्थीहरूका लागि धेरै छात्रवृत्ति उपलब्ध छन यी छात्रवृत्तिहरू सामान्यतया जापानी सरकार, विश्वविद्यालयहरू, र विभिन्न गैर सरकारी संस्थाहरू द्वारा प्रदान गरिन्छ । निम्नलिखित प्रमुख छात्रवृत्तिहरू छन ।

**शिक्षा, संस्कृति, खेलकुद, विज्ञान तथा प्रविधि मन्त्रालय छात्रवृत्ति** (文部科学省奨学金)

१. जापान सरकारको शिक्षा मन्त्रालय (文部科学省) द्वारा प्रदान गरिएको छात्रवृत्ति हो । यसले मास्टर, पीएचडी र स्नातक स्तरका छात्र छात्राहरूलाई लक्षित गर्दछ ।

संक्षिप्त विवरण :

जापान सरकारले (文部科学省) द्वारा दिइएको छात्रवृत्ति हो । यो छात्रवृत्ति विदेशी विद्यार्थीहरूलाई शैक्षिक शुल्क, जीवनयापन खर्च र यात्रा खर्चको लागि प्रदान गर्दछ ।

लागु हुने विद्यार्थीहरू :

स्नातक तह, स्नातकोत्तर (मास्टर, पीएचडी) स्तरका विद्यार्थीहरूका लागी हो यो सुविधा प्राप्त गर्नका लागी विशेष केही शर्तहरू पूरा गर्नुपर्नेछ ।

विवरण

शैक्षिक शुल्क (पूरा शुल्क)

महिना जीवनयापन खर्च – स्नातक विद्यार्थीहरूका लागि : लगभग ११७,००० येन,

स्नातकोत्तर तहका विद्यार्थीहरूका लागि : लगभग १३४,००० येन)

यात्रा खर्च (आउने जाने उडान टिकट), नियमित स्वास्थ्य परीषण र अन्य सुविधाहरू

आवेदन समय :

स्नातकोत्तर विद्यार्थीहरू : सामान्यतया प्रत्येक वर्ष अप्रिलदेखि जून महिनामा नेपालमा नै रहेको जापानीज दूतावासमा आवेदन खुल्ला गरीने ।

स्नातक विद्यार्थीहरू : दूतावासको सिफारिसमार्फत प्रत्येक वर्ष जूनदेखि सेप्टेम्बर बीच आवेदन गर्नुपर्छ र परीक्षण अक्टोबरमा हुन्छ ।

आवेदन विधि : जापानको दूतावास वा कन्सुलेट अफिसमा आवेदन फारम भर्नुहोस र आवश्यक कागजात पेश गर्नुहोस । आवेदन प्रक्रिया भनेको लेखन परीक्षा, अन्तर्वार्ता र कागजात मूल्यांकन हुनेछ ।

**थप जानकारीका लागी :** https://www.mext.go.jp/a_menu/koutou/ryugaku/06032818.htm

**जापानी विश्वविद्यालय छात्रवृत्ति (大学独自の奨学金)**

धेरै जापानी विश्वविद्यालयहरूले आफ्नै छात्रवृत्ति योजना पनि सञ्चालन गर्छन । यी छात्रवृत्तिहरू विश्वविद्यालयको वेबसाइट तथा अन्तराष्ट्रिय विध्यार्थी सहायता केन्द्र(国際交流センター)मा उपलब्ध हुन्छ र सामान्यतया आवेदन प्रक्रिया विश्वविद्यालय अनुसार फरक फरक हुन्छ ।

उदाहरण :

टोकियो विश्वविद्यालय : टोकियो विश्वविद्यालयले–टोकियो विश्वविद्यालय छात्रवृत्ति जस्ता योजनाहरू प्रदान गर्छ । यसमा महिना खर्च प्रायः १००,००० येन आसपास हुन्छ ।

क्योटो विश्वविद्यालय : क्योटो विश्वविद्यालय पनि विभिन्न छात्रवृत्तिहरू प्रदान गर्छ । यसका लागि विश्वविद्यालयकै गाइडलाइन्स हेर्नु पर्छ ।

आवेदन समय :

प्रत्येक विश्वविद्यालयको छात्रवृत्तिको आवेदन समय फरक फरक हुन्छ । सामान्यतया जनवरी देखि फेब्रुअरीको बीचमा आवेदन प्रक्रिया शुरु हुन्छ । तपाईंले इच्छित विश्वविद्यालयको वेबसाइट वा तथा अन्तराष्ट्रिय विध्यार्थी सहायता केन्द्र(国際交流センター)बाट जानकारी प्राप्त गर्नुपर्छ ।

**जापान–नेपाल छात्रवृत्ति**

जापान र नेपाल बीचका द्विपक्षीय सम्बन्धहरूको आधारमा विशेष छात्रवृत्ति योजना पनि उपलब्ध छन । यी छात्रवृत्तिहरू प्रायः द्विपक्षीय समझदारीको आधारमा सन्देश र भागीदार संस्थाहरूको माध्यमबाट प्रदान गरिन्छ ।

संक्षिप्त विवरण :

जापान सरकार र नेपालका बिचको सहकार्यका आधारमा छात्रवृत्तिहरू दिइन्छ । प्रायः जाइका (जापान अन्तर्राष्ट्रिय सहकारी एजेन्सी) को माध्यमबाट यो कार्य गरिन्छ ।

समर्थन सामग्री :

शैक्षिक शुल्क, महिना जीवनयापन खर्च, आवास, यात्रा खर्च आदि ।

आवेदन समय :

सामान्यतया वसन्तको समय (जनवरीदेखि मार्च) बीचमा आवेदन खुल्छ । अधिक जानकारीको लागि जापानको दूतावास वा जाइका वेबसाइटमा चेक गर्नुहोस ।

**प्राइवेट संस्थाहरू र एनजीओ द्वारा छात्रवृत्ति**

जापानमा केहि निजी संस्थाहरू र गैर सरकारी संगठनहरू (एनजिओ) द्वारा पनि विदेशी विद्यार्थीहरूका लागि छात्रवृत्ति उपलब्ध गराइन्छ। यी संस्थाहरूले प्रायः विशेष उद्देश्यहरू, जस्तै प्राविधिक शिक्षा, सामाजिक विज्ञान वा चिकित्सा क्षेत्रमा अध्ययन गर्ने विध्यार्थीहरूको लागि छात्रवृत्ति प्रदान गर्छन।

उदाहरण :

日本学生支援機構 (जास्सो):

जास्सोले (जास्सो奨学金) नामक छात्रवृत्ति प्रदान गर्दछ। यसमा मसिक खर्चको सहारा दिइन्छ। यो छात्रवृत्ति प्रायः ब्याजरहित र अवलोकन योग्य हुन्छ।

निजी कम्पनिहरू : जस्तै सोनी, टोक्यो इलेक्ट्रिक, 三菱財団 र अन्य कम्पनीहरूले पनि आफ्नै छात्रवृत्ति योजनाहरू सञ्चालन गर्छन।

आवेदन समय :

जास्सो 奨学金 : जापान विद्यार्थी सहायतता संस्था (जास्सो) द्वारा प्रदान गरिने छात्रवृत्तिहरू प्रत्येक वर्ष वसन्त र शरद ऋतुको समयमा खुल्छ। यसका लागि जास्सोको वेबसाइटमा विस्तृत जानकारी उपलब्ध हुन्छ।

निजी कम्पनी छात्रवृत्तिहरू : कम्पनीहरू प्रायः वर्षमा एक वा दुई पटक छात्रवृत्ति कार्यक्रम सञ्चालन गर्छन। प्रत्येक कम्पनीको वेबसाइटमा चेक गर्नुहोस।

अन्य छात्रवृत्तिहरू (एनजीओ र अन्तर्राष्ट्रिय संगठनहरूद्वारा)

धेरै गैर सरकारी संगठन (एनजीओ) र अन्तर्राष्ट्रिय संस्थाहरूले पनि छात्रवृत्ति प्रदान गर्छन। यी छात्रवृत्तिहरू प्रायः विशेष क्षेत्र (जस्तै, वातावरण संरक्षण, विकास सहायता, अन्तर्राष्ट्रिय सहयोग) मा अध्ययन गर्ने विद्यार्थीहरूलाई लक्षित हुन्छन।

समर्थन सामग्री : शैक्षिक शुल्क, जीवनयापन खर्च, अनुसन्धान खर्च आदि।

आवेदन समय :

यी छात्रवृत्तिहरूका लागि आवेदन समय प्रत्येक वर्ष एकपटक वा वर्षमा दुई पटक हुन सक्छ। संस्थाहरूको वेबसाइटमा जानकारी हेर्नुहोस।

# नेपाल फेस्टिवल फुकुओका र यसको गौरव



रामकृष्ण श्रेष्ठ,
संस्थापक संयोजक
नेपाल फेस्टिवल फुकुओका

नेपाल, भारत, श्रीलंका र बंगलादेश लगायतका दक्षिण एसियाका बिभिन्न देशहरुमा बैशाख महिना (अंग्रेजी महिना अनुसार अप्रिल) बाट नयाँ वर्षको आगमन हुन्छ । प्रकृतिले पनि नयाँ पालुवा पलाउने, जाडो सकिने र ढकमक वसन्त ऋतु अर्थात स्प्रिङ्गले सजाउने महिना बैशाखको वेग्लै अर्थ छ । तर पनि यसलाई अत्यधिक महत्वपूर्ण रुपमा हामीले लिन र मनाउन सकिरहेका छैनौं । जापान सहितका विकसित मुलुकहरुमा जनवरी १ तारिखलाई नै नयाँ वर्षको सुरुवातको रुपमा धुमधामसँग स्वागत गर्ने चलन छ । जसरी दशैं र तिहारमा हामी नेपालीहरु भगवती दुर्गा र लक्ष्मी मातासँग सु–स्वास्थ्य एवम सुख शान्तीको कामना गर्दछौ । त्यसै गरी जापान लगायत बिश्वका बिभिन्न देशहरुमा नयाँ वर्षलाई नै ठुलो पर्वको रुपमा मनाएको देख्न सकिन्छ ।

विज्ञान र प्रविधीको विकाससँगै संसार साघुरिदै आएको छ । युगौ युग नेपालमै विताएका नेपालीहरूका पछिल्ला नयाँ पुस्ता केहि वर्ष देखि संसार चाहार्न निस्कीसकेका छन । जापान नेपालीहरुका लागि रोजगार व्यवसाय होस अथवा अध्ययनका लागि वहाना जे सुकै किन नहोस धेरै युवाहरूको रोजाईको गन्तब्य विकसित मुलुक जापान पनि हुन पुगेको छ । यसैको फलस्वरूप आजको २०२४को अन्त्य सम्ममा करीब २३०,००० (दुई लाख तिस हजार) भन्दा बढी नेपालीहरु जापानका बिभिन्न शहरहरुमा बसोबास गर्दै आइरहेका छन ।

जापानको चौथो ठुलो शहर यो फुकुओकामा पनि झन्डै १०–१५ हजार   नेपालीहरु बिभिन्न पेसा व्यवसायमा बसोबास गर्दै छन । फुकुओका वरपर छरीएर रहेका नेपालीहरुलाई एकै ठाउँमा भेला गर्ने, आपसमा भाइचारा निभाउने र कसरी नेपाल र नेपालीको इज्जत कायम राख्दै जापानको बसाईलाई राम्रो बनाउने भन्ने कुराहरु हामी सबैको साझा सवाल बनेको छ र आगामी दिनहरुमा पनि यो विषय थप आवश्यक हुँदैं जाने सुनिस्चित छ । विदेशको भूमीमा हामी नेपालीहरूको संख्या बढदै गर्दा हाम्रो देश नेपाल र नेपालीको पहिचानलाई जापानभर नै सकारात्मक ढंगले परिचित गराउनु पर्ने साझा अनुभुतिबाट नै नेपाल फेस्टिवल सहितका विभिन्न कार्यक्रमहरूको सफल आयोजना हुँदै आएको हो ।

यसो त हामीहरु जो जहाँ वस्छौं, काम धन्दा गर्छौं र सामान्य व्यवहारबाट आफ्नोको साथसाथै नेपाल र एउटा नेपालीको परिचय दिइरहेकै हुन्छौं । हाम्रो व्यवहार र हाम्रो तरिका विदेशमा आइसकेपछि निजी नहुँदोरहेछ । यो त नजानिदो किसिमले राष्ट्रकै प्रतिनिधित्व हुन पुग्दो रहेछ । राम्रो व्यवहारले आहा नेपाली   नराम्रो व्यवहारले छी नेपाली भनीहाल्दा रहेछन । हाम्रो वोलीवचन र स्वभावले हामी नेपालीबीच हाम्रो परिवारको संस्कार र विदेशीका बीच नेपालीको स्वभाव यस्तो पो हुँदोरहेछ भनेर अर्थ लाग्दोरहेछ । नेपाल सानो छ तर सुन्दर छ । यहाँका मान्छेहरु मायाँलु छन । उनीहरू कोमल हृदय भएका छन । उनीहरू मिलेर खुशी मनाउन सिपालु छन । यस्तै हाम्रा राम्रा पक्ष र संस्कृति झल्कने गरी जापानीमाझ नेपाललाई चिनाउन पनि हामीले सन २०१३सालबाट हरेक वर्ष बैशाख महिनामा सुरुवाती चरणमा बंगलादेश र नेपालको सहकार्यमा बैसाखी मेलाबाट नेपाल फेस्टिवल फुकुओकाको सुरुवात भएको हो ।

बैशाखी मेलाको नाम अनि कसरी शुरू भयो ? बंगालीहरूसँग कसरी र किन सहकार्य भयो ? कसरी हामी नेपालीहरू आफैले मिलेर छुट्टै नेपाल फेस्टिवल आयोजना गर्ने हैसियतमा आइपुग्यौ ? साथिहरूको अथक मेहनत र सहयोगी

मनहरूको ठूलो हात छ । विगतका वर्षमा पनि यसबारे चर्चा भैसकेकाले र इतिहास कदापि मर्दैन ।

फुकुओकामा रहेको विभिन्न संघ–संस्थाहरुको रगत र पसिनाले हुर्केको यो साझा चौतारीलाई ८औं बर्ष(२०१७)बाट नेपाल फेस्टिवलको नामले मनाउने निर्णय भयो । हामीले यसलाई फुकुओकामात्र नभनी यो जापान भरीको साझा मेला हुनुपर्छ भन्ने पवित्र उद्देश्यबाट सातौं बर्षसम्म संस्थापक संयोजक तथा फुकुओका नेपाल सोसाइटीका पुर्व अध्यक्ष रामकृष्ण श्रेष्ठको संयोजकत्वमा सफलतापूर्वक सम्पन्न हुँदै आइरहेको मेलाले नेपाल फेस्टिवल फुकुओकाको गौरवपूर्ण नाम पाएको हो । प्रारम्भमै जापानका लागि हाम्रा राजदुतसहितको गौरवशाली उपस्थितीका बीच भव्य र सभ्य ढंगले यसको सुसम्पन्न पनि भएको हो । हामी सबैको नेपाल फेस्टिवललाई थप व्यवस्थित र थप भव्यताका साथ सफल बनाउन लागी पर्ने साथीहरु, संघ–संस्थाहरुलाई भगवान गौतम बुद्धले थप आशिर्वाद दिउन भनी प्राथना गर्दछु । हामीले एकआपसमा भाइचाराको विकास गर्ने, मिलेर नयाँ साल सुखद रहोस भनी शुभकामना साटासाट गर्ने र यसै फेस्टिवलका माध्यमबाट हाम्रो कर्मभूमी जापान र नेपाललाई असाध्यै माया गर्ने जापानी नागरिकहरुका बीच भगवान गौतमबुद्धको जन्मभूमी, सगरमाथाको देश नेपाल चिनाउने, प्राकृतिक सुन्दरताले भरिपूर्ण नेपालको पर्यटन प्रवर्द्धन गर्दै जापानी नागरीकहरुलाई नेपाल जान उत्साहित गर्ने र समग्रमा नेपाली पर्यटन व्यवसायलाई थप लोकप्रिय बनाई आफ्नो जन्मभूमीको अर्थतन्त्रलाई जतिसक्दो टेवा पुगोस भन्ने नै यस कार्यक्रमको प्रमुख उद्देश्य रहेको छ ।

**नेपाल फेस्टिबलको कार्यक्रम सम्बन्धी जानकारी**

हरेक वर्षको नेपाली नयाँ वर्षको समयमा हजारौ नेपाली र जापानी नागरिकहरूको सहभागितामा यो नेपाल फेस्टिबलको आयोजना हुदै आइरहेको छ । सन २०११ देखि नयाँ वर्षको १ दिन मात्र आयोजना हुदै आइरहेको यो फेस्टिबल १ दिनले नपुगेर सन २०१७ सालबाट २ दिन मनाउदैं आइएको छ । सन २०१६ सम्म नेपाल र बंगलादेशका नागरिकहरुको संयुक्त प्रयासमा सम्पन्न हुदै आएको बैशाखी मेला अर्थात यो नेपाल फेस्टिवल २०१७ बाटमात्रै हामी नेपालीहरुको एकल आयोजनामा सम्पन्न हुदैआइरहेको छ ।

यो बर्ष २०२५ को अप्रिल १२ र १३ गते नेपाल फेस्टिवलको कार्यक्रम भव्यताका साथ सम्पन्न हुनेछ ३० देखि ४० वटा नेपालीपन झल्कने खाना सहितका बिभिन्न स्टलहरु रहने छन । नेपाली कला र सस्कृति झल्कने मालसामान र खाना लगायतका स्टलका अतिरिक्त सांगीतिक कार्यक्रमद्वारा सहभागीलाई भरपुर रमाइलो प्रदान गर्ने व्यवस्था गरिएको छ । फुकुओकामा अवस्थित विभिन्न संघ–संस्थाहरुले आ–आफ्नै मौलिक भेषभुषामा सुसज्जित भैई नेपालीपनाको परिचय दिन पञ्चेबाजा सहित सूर्य र चन्द्रमा अंकित नेपालको झण्डा फर्फराउदै र नेपालमा नयाँ वर्ष आएको सन्देश जानेगरी सगौरव फुकुओका नगर परिक्रमा गर्ने र यही पार्कमा फर्केपछि कार्यक्रमको औपचारिक सुरुवात गर्ने चलन चलीआएको छ ।

अन्त्यमा, सन २०११ साल फुकुओका नेपाल सोसाईटीको अग्रसरतामा शुरु गरिएको यो ऐतिहासिक पर्वले पाएको निरन्तरता र हरेक साल बढिरहेको महिमाको कल्पना गर्दा त्यो वेलाका आरोह र अवरोध अनि आफ्नै कार्यसमितिका हरेक साथीहरुको तस्वीर मलाई अहिले पनि संझनामा आईरहेका छन । हामीलाई यो फेस्टिबल गर्न धेरै गारो थियो । संस्थापक संयोजकको टीमले विध्यार्थी जिवनमा हुँदा सुरू गर्नुभएको थियो । छातिमा हात राखेर भन्छु, कसरी हामीले यति ठुलो प्रोग्राम गयौ होला ? आज जस्तो यतिधेरै आफन्त, यो सोच, संख्या र आत्मविस्वास कहाँ हुनु ? पशुपतिनाथ भन्नुस वा भगवान गौतम बुद्दको प्रेरणा । यो सब असम्भव लाग्दो कुरा आज संभव र सहज भएको छ ।

आज यो फेस्टिवल सफल हुँदैगर्दा र यो भव्य समारोहमा आफ्ना विचार राख्दै गर्दा म उपस्थित सबैलाई आभार प्रकट गर्न चाहान्छु । निकै खटेका मित्रहरु, यहाँहरूको मेहनत, परिश्रम र लगानीले इतिहास निर्माण गरिरहेको छ । हरेक वर्ष हुने नेपाल फेस्टिवलहरुले यहाँहरुलाई विर्सन दिनेछैन । आजपनि मेरो कार्यकालमा पूर्णरुपमा सहयोग गर्नु हुने मेरो अग्रज तथा प्रिय साथीहरुलाई हार्दिक नमन गर्दै आज खटिरहेका सबै नेपाली दाजुभाई दिदीबहिनी

तथा सबै संघ–संस्थाहरुलाई पुनः शुभकामना तथा बधाई ज्ञापन गर्दछु र नेपाल फेस्टिवलको यो हाम्रो अभूतपूर्व एकता, सहकार्य र विस्वासले भरिएको फुकुओकाको सन्देश गैह्रआवासीय संघ–संस्थाको केन्द्रसम्म पुर्याउनुपरेको छ । म यतिवेला संकेतमा मात्र भन्छु । परिवर्तन संभव छ । परिवर्तनकै लागि हामी यहाँसम्म आइपुगेको हो । हामी फुटेर होइन, जुटेरै यो संभव छ ।

जय नेपाल फेस्टिवल

# जापानमा बच्चा जन्माउदा गर्नुपर्ने तयारी



पुरुषोत्तम सिग्देल
पूर्व अध्यक्ष
फुकुओका नेपाल सोसाइटी

सर्बप्रथम फुनेसो ३०औँ बर्षमा प्रवेश गरेको उपलक्ष्यमा प्रकाशन गर्न लागिएको स्मारिकाको लागि बर्तमान कार्यसमिति लाई हार्दिक बधाई सहित धेरै धेरै धन्यवाद । बिगतका कार्यसमिती बाट यसको थालनि भएपनि यसले पूर्ण रुप पाउन सकेको थिएन । अब लागौँ विषय बस्तु तर्फ यस कार्यसमितीले मलाई उपलब्ध गराएको शिर्षक जापानमा बच्चा जन्माउँदा गर्नुपर्ने पूर्वतयारीहरु ।

हाल फुकुओका अथवा क्युस्यु क्षेत्रमा नेपाली बालबच्चाको संख्या धेरै नै भइसकेको छ । ति बाल बच्चाहरुको अभिभावकहरुबाट पनि धेरै कुराहरु बुझ्न र सिक्न सकिन्छ । मेरो विषयमा भन्नुपर्दा म पनि दुई जना छोरा छोरीको अभिभावक हुँ मेरा दुबैजना छोरा र छोरी जापानमै जन्मेका हुन मेरो अनुभबले जापानमा बच्चा जन्माउँदा पाइने इन्सुरेन्स सुबिधा साह्रै राम्रो लाग्यो हामीले विधार्थी हुँदा कोकुमिन होकन र पूर्ण रुपमा कामदार भईसकेपछि अथवा भनौँ सिउसोकु गरिसकेपछि स्याखाइ होकेन गरी इन्सुरेन्सको पैसा तिरिरहेका हुन्छौं कहिले काहीँ हामीलाई यो ब्यर्थ लागिरहेको पनि हुन्छ जब हामी अलि ठुलो बिरामी हुन्छौँ अथवा बच्चा जन्माउने तयारीमा हुन्छौँ यसको महत्व र आवश्यकता त्यतिबेला थाहा हुन्छ र हामीले इन्सुरेनसको पैसा तिरेर ठिक गरेका रेछौँ भन्ने लाग्छ र मलाई पनि त्यस्तै लाग्यो ।

कहिले काहीँ बाल बच्चाहरु पूर्वतयारी बिना पनि जन्मिने गर्छन यस्तो अवस्थामा पनि यदि इन्सुरेन्स तिरिएको छ भने आर्थिक रुपमा त्यति समस्या पर्दैन जस्तो लाग्छ कतिपय अवस्थामा पूर्वतयारी गर्दा पनि बच्चा बच्ची नहुने सम्भावना पनि रहन्छ यसका लागित चिकित्सक सँग परामर्शको आवश्यकता रहन्छ । पूर्वतयारी भन्दै गर्दा बच्चा जन्मिसके पछि उसको शिक्षादिक्षा कहाँ गराउने भन्ने पूर्वतयारी पनि आवश्यक रहन्छ बालबच्चाकै कारण नेपाल फिर्किने मन भएपनि यतै बस्न बाध्य बनाएको र उनिहरुमा नेपाल प्रतिको मोह कम भएको पाइएको छ,यसले गर्दा भाबी यो पुस्ता यतै हराउने सम्भावना पनि नरहला भन्न सकिन्न ।

कतिपयले नेपाल छोरा छोरी लान चाहेर पनि रेख देख गरिदिने कोहि नभएर यतै राख्न बाध्य छन भने छोरा छोरीकै लागि आफै नेपाल जान पनि सकिरहेका छैनन, त्यसैले जापानमा बच्चा जन्माउने योजना बनाउँदै गर्दा भविष्यमा उनीहरुको शिक्षा दिक्षा कता गराउने भन्ने पूर्व योजना पनि अब आवश्यक छ भन्ने मलाइ लागेको छ ।

हुनत आजभोली जापानमै घर किनेर बस्ने ब्यक्तिहरु पनि बढिरहेकै छन, यो राम्रो पक्ष पनि हो यो सँगै नेपाली संस्कार र संस्कृति सिकाउने ठाउँहरुको बिकाश पनि गर्न आवश्यक छ भन्ने मलाइ लागेको छ ।

पुनश्च यो मेरो ब्यक्तिगत बिचार हो सबैलाइ सही नलाग्न पनि सक्छ र असहमती पनि रहला ।

अन्त्यमा श्रीमान श्रीमतीको सहमतीमा बच्चा जन्माउने सहमती भैसकेपछि केहि आर्थिक तयारीसंगै उनीहरुलाई कहाँ पढाउने कहाँ हुर्काउने भन्ने पनि पूर्व तयारी गर्न आवश्यक छ ,

मलाइ यहाँ बच्चा जन्माउँदा जापानको हस्पिटलले दिने सेवा सुबिधा,इन्सुरेन्सबाट आउने आर्थिक सहयोग राम्रो लाग्यो त्यसैगरी पाँच बर्ष सम्मको नर्सरी स्कुल (होइकुयन)को सिकाइ राम्रो लाग्यो त्यसपछिको शिक्षाको लागि सबैको रोजाई छुट्टै हुन सक्छ मलाई भने नेपालमै कम्तिमा SEE सम्म गराउन सकियो भने उनीहरुले नेपाली भाषासंगै संस्कार र संस्कृतीको पनि ज्ञान आर्जन गर्न सक्छन भन्ने मलाइ लागेको छ,सबैको हकमा यो सहज नहुन पनि सक्छ ।

# प्रवासको नेपाली पत्रकारिता, अब कता?



प्रवेश सुवेदी
अध्यक्ष
डिजिटल मिडिया फाउन्डेसन, नेपाल

सन २००५ देखि २०१५ सम्मको एक दशक प्रवासी नेपाली पत्रकारिताको सुनौलो दशक थियो। प्रवासबाट चल्ने कतिपय अनलाइन पत्रिकाहरूसँग काठमाडौंबाट सञ्चालन हुने मूलाधारका माध्यमसँग भन्दा बढि अडियन्स थिए, उनीहरूले राष्ट्रिय राजनीति र नीति निर्माणमा प्रभाव राख्थे र प्रवासी समुदायका मुद्दामा राम्रो हस्तक्षेप गर्न सक्थे। अहिले पुरानो साख बाँकी छैन, तर उनीहरूले आफ्नो उपस्थिति कायम राख्न सक्दो प्रयत्न गरेकै छन। नेपालभित्र र बाहिर गरी दशकौंको अनुभव भएका प्रवासी पत्रकारहरूमा नयाँ अभ्यास र सम्भावनाहरूको खोजी गर्ने हुटहुटी अहिले पनि उत्तिकै देखिन्छ। प्रवासी नेपाली पत्रकारिताका पछिल्ला २ दशकलाई सरसर्ती समीक्षा गर्दा अनेक चाखलाग्दा आयामहरू भेटन सकिन्छ।

तपाई किन प्रवासी बन्नुभयो? रोजगारी, व्यवसाय, शिक्षा, पारिवारिक पुनर्मिलन जस्ता व्यक्ति अनुसारका अनेक कारण र प्रयोजन भेटिन्छन। म प्रवासमा पत्रकारिता गर्ने उदेश्यले आएको भन्ने उत्तर चाँहि सायदै कसैले देला। यदि अरू नै खास उद्देश्यले आएको हो भने प्रवासमा किन उसले पत्रकारिता गर्न जरुरी भयो? अधिकांशले दिने जबाफ हो, आफू जन्मे हुर्केको देशको प्रेम र प्रवासी नेपाली समुदायको सक्दो हित गर्ने चाहना।

देशभित्र पत्रकारिता गर्दा अरू पक्षहरू जति बलिया हुन्छन, भावनात्मक पक्ष खासै प्राथमिकतामा पर्दैन। तर, प्रवासीहरूमा किन यस्तो भावना एकदमै बलियो हुन्छ? समाजशात्रीहरूले गरेका विभिन्न अध्ययन अनुसार विगतका पेचिला स्मृति (नोस्टाल्जिया) र वर्तमानमा आफू हराउन थालेको अनुभूति (सेन्स अफ लस), यी दुई मुख्य कारणले एउटा प्रवासीलाई आफ्नो देश र आफूजस्तै प्रवासी बनेका व्यक्तिहरूको समुदायसँग गहिरो भावनात्मक निकटता स्थापना गराउँछन। आफूले छोडेर आएको देश वा भूगोलमात्र होइन, आफूले वर्षौं बिताएको पेशासँग पनि मान्छेको उत्तिकै पँचिलो भावानात्मक नाता हुन्छ। त्यसैले देशमा छँदा पत्रकारिता वा साहित्यमा संलग्नहरू प्रवास पुगेपछि पनि पेशागत निरन्तरताका लागि सक्दो प्रयत्न गर्दछन।

प्रवासी नेपालीको यस्तो भावनात्मक पहल देशभित्रको पत्रकारिताको विकासमा, अर्थात समग्र नेपाली भाषी पत्रकारितामा अत्यन्तै महत्वपूर्ण 'टर्निङ प्वाइन्ट' हुने गरेको छ। वि.स. १९४३ मा नेपालमा छापा पत्रकारिता सुरुवात नहुँदै भारतबाट 'गोर्खा भारत जीवन' सुरू गरेर प्रवासी समूदायले नेपाली पत्रकारितालाई ठूलो गुण लगायो। यस्तै, नेपालमा इन्टरनेटका आधारभूत संरचना स्थापना नै भइ नसकेको अवस्थामा सन १९९३ मा अमेरिकाबाट 'नेपाल डाइजेस्ट' नाममा अनलाइनमा समाचार प्रकाशनको अभ्यास पनि सुरु भएको थियो।

तीन दशक लामो नेपाली भाषाको अनलाइन पत्रकारिता यात्रामा अमेरिकाबाट सञ्चालनमा आएको नेपालीपोष्ट डट कम, बेलायत र अष्ट्रेलियाबाट सञ्चालित नेपालीपत्र डटकम, जापानबाट नेपाल जापान डटकम र समुद्रपारी डटकम, हङकङबाट एचकेनेपाल डटकम, त्यसैगरी श्रव्य दृष्य सामग्रीलाई प्राथमिकतामा राखेर अमेरिकाबाट डिसीनेपाल डट कम र क्यानडाबाट क्यानडानेपाल डटकमले कुनैबेला नेपालबाट सञ्चालन हुने मुलधारका सञ्चारमाध्यमको विकल्पको रूपमै आफूलाई स्थापित गराएका थिए। कुनै देश विशेषमा बस्ने नेपाली समूदायलाई लक्षित गरि सञ्चालन गरिएका अनलाइन त सयौको सङ्ख्यामा थिए। तर, समय फेरिएको छ, कुनै बेला लाखौं दैनिक 'भिजिटर' पाउने यी प्रवासी मिडियामध्ये अहिले कतिपय बन्द भइसकेका छन भने सञ्चालनमा रहेकाहरू पनि कसरी निरन्तरता कायम राख्ने भन्नेमा मात्रै सीमित छन।

प्रवासमा नेपाली जनसङ्ख्या तीव्र बढदो छ। यो जनसङ्ख्या उमेरका हिसाबले अत्यन्त उर्जावान र जोसिलो छ। आर्थिक

हिसाबले चलायमान यो वर्गले उन्नतिका अनेकन् सपना देखेको हुन्छ । देशको शिक्षित जनसङ्ख्याको मुख्य हिस्सा यो वर्गले राजनीति, अर्थतन्त्र, संस्कृति लगायत अनेक पक्षमा चासो र चिन्ता पनि उत्तिकै देखाउँछन । एक किसिमले हेर्दा यस्तो परिस्थितिले प्रवासमा नेपाली पत्रकारिताको लागि यतिबेला उर्वर वातावरण हुनु पर्ने हो । तर किन परिस्थिती ठयाक्कै उल्टो छ?

नयाँ माध्यम र नयाँ विधामा सँधै डोरेटो बनाउन अगाडी सरेपनि प्रवासी पत्रकारिता एउटा चरणमा पुगेर किन फैलिन सक्दैन? यसका केही सैद्धान्तिक र व्यवहारिक कारणहरू छन जसले गर्दा नेपाली प्रवासी समुदायमा मात्र होइन, करोडौंको सङ्ख्यामा रहेका भारतीय, चिनियाँ, अफ्रिकी वा अरू प्रवासी समुदायमा समेत प्रवासी पत्रकारिताको स्थायित्व चुनौतीपूर्ण नै देखिन्छ ।

मूलाधारको पत्रकारिताका केही खास विशेषताहरू हुन्छन् । 'चौथो अङ्ग' समेत भनेर चिनिने पत्रकारिताले राज्यका अरू ( कार्यपालिका, व्यवस्थापिका र न्यायपालिका)सँग शक्ति सन्तुलनको जिम्मेवारी लिएको हुन्छ । सबैजसो देशका संविधान र कानुनले यी क्षेत्रका आफन्ना सीमा र दायरा छुट्याइदिएका छन । कुनै एउटा पक्षले आफ्नो सीमा नाघ्यो वा पुरा गर्नुपर्ने जिम्मेवारी पुरा गरेन भने त्यसलाई नियन्त्रण अर्को अङ्गले गर्दछ । शक्ति हातमा लिएर बसेकाले सार्वजनिक हित प्रतिकुल गरेमा खबरदारी गर्न र जिम्मेबार बनाउन चनाखो भएर पत्रकारिता बसेको हुन्छ । पछाडि पारिएका समूदायलाई पौरवी गरेर अधिकार प्राप्त गराउने र क्षमता विकास गराउने शक्ति पनि पत्रकारिताले राख्दछ । वास्तवमा, यस्तो शक्ति सन्तुलनको सिद्धान्तले आम नागरिकमा पत्रकारिताको आवश्यकता र सान्दर्भिकतालाई जीवन्त राख्छ भने राज्यको विकास, राजनीतिक परिवर्तन र आर्थिक उतारचढाबका बेला पत्रकारिताले पनि नयाँ अवसरहरू प्राप्त गर्ने गर्दछ ।

प्रवासी समुदायका सन्दर्भमा, यो जति नै ठूलो सङ्ख्यामा भएपनि सैद्धान्तिक रूपमा उसँग राज्यका संरचना हुँदैनन । प्रवासी समूदायले एउटा स्वतन्त्र राज्यको हैसियतमा शक्ति अभ्यास गर्ने अवसर पाउदैन । त्यसैले मूलधारको पत्रकारितामा जस्तो प्रवासको पत्रकारिताबाट उस्तै जिम्मेवारीको अपेक्षा गर्न सकिदैन् जब जिम्मेबारी नै फरक छ भने देशको मुलधारको पत्रकारिताको 'इकोसिस्टम' र प्रवासी पत्रकारिताको 'इकोसिस्टम' उस्तै हुने कुरा पनि भएन ।

प्रवासी समुदायले आफू बसोबास गर्ने देशको मूल प्रवाहमा रहेको समूदायसँग अन्तरघुलित हुन ठूलो संघर्ष गरिरहेको हुन्छ । एकातिर अन्तरघुलित हुन जोडबल गर्छ भने अर्कोतिर आफू आएको देश, समुदाय, धर्म र संस्कृति लगायतका पहिचानलाई पनि कसरी कायम राख्ने भन्ने छटपटीमा हुन्छ । आफुलाई जे आवश्यक छ, जे महत्वूर्ण ठान्दछ, त्यसै विषयमा आफूले उपभोग गर्ने सञ्चार माध्यमले सामग्री समेटिदियोस, प्रवासी समुदायका सदस्यहरूको बलियो मत बनाउन योगदान गरोस भन्ने अपेक्षा समुदायको हुन्छ । प्रवासी समुदायका प्राथमिकता र आवश्यकता त्यो देशको मुलधारको जनसङ्ख्याको भन्दा भिन्न हुन्छन । जस्तै, आफू बसोबास गर्ने देशमा राष्ट्रिय निर्वाचन भइरहेको बेला पनि प्रवासी समुदायलाई भने रोजगारीका अवसर, विश्वविद्यालयमा शुल्क वृद्धि, जातिय नश्लिय विभेद जस्ता विषय प्राथमिकतामा हुन्छन ।

प्रवासको विशेषता र सीमिततालाई बुझेर सामग्री उत्पादन गर्दा मात्र यहाँ सञ्चालन हुने सञ्चार माध्यमको स्थायित्व कल्पना गर्न सकिन्छ । तर, आर्थिक आर्जनका स्रोत, आफू बस्ने देशको कानुन, स्थानीय धार्मिक तथा सामाजिक मान्यताहरू र प्रविधीमा आउने फेरबदलीले पनि यस्ता सञ्चार माध्यमको निरन्तरतामा प्रभावित गर्दछन । यस्ता परिस्थितिसँग सम्झौता गरेर एउटा निश्चित समूदायको हितमा काम गर्दा पत्रकारिताका कतिपय सिद्धान्तमाथि अडिग रहन सक्ने अवस्था भने हुँदैन । यसरी काम गर्ने पत्रकारले आफूलाई नेपालको जस्तै मुलधारको पत्रकार नभई सामुदायिक सञ्चारकर्मीको रूपमा बुझ्न सक्यो भने समुदायका अपेक्षालाई पुरा गर्न सजिलो हुन्छ ।

प्रवासी सञ्चार माध्यमले सोचेजस्तो प्रगति गर्न नसक्ने अर्को कारण भनेको अत्यन्तै सीमित आर्थिक अवसरहरू भएर

पनि हो । सञ्चार माध्यमको प्रभाव फैलिँदै जाँदा यसको सञ्चालन खर्च पनि बढ्दै जान्छ । सबै सञ्चार माध्यमले ग्राहक सदस्यबाट शुल्क उठाएर खर्च व्यवस्थापन गर्न सम्भव हुँदैन । खासगरी अनलाइन समाचार आउटलेटहरूको नेपालभित्रै पनि आम्दानीको लागि सदश्य शुल्कको अभ्यास गर्न सकेका छैनन भने प्रवासको सन्दर्भमा यो झन सम्भव देखिदैन । अर्को मुख्य आम्दानीको स्रोत हो विज्ञापन । प्रवासमा समुदाय केन्द्रित सञ्चारमाध्यमलाई विज्ञापन पाउन सजिलो छैन । केही दशक यतामात्र प्रवासमा फैलिदै गरेका नेपाली प्रवासीहरू ठूला व्यापारिक संस्थाहरूको नेतृत्वमा विरलै पुगेका छन । त्यस्ता व्यापारिक संस्थाको बजार नेपाली समूदाय नै हुन्छ भन्ने पनि छैन । समाचार पढने समुदाय र व्यापारिक उत्पादन प्रयोग गर्ने समुदाय एउटै भएको अवस्थामा मात्र सञ्चार माध्यमले विज्ञापन पाउन सक्ने अवस्था हुन्छ।

संसारभर मुलधारका सञ्चार माध्यमले नै आर्थिक अभावको चुनौती भोगिरहेको बेला प्रवासी सञ्चारमाध्यमहरूको अवसरको क्षेत्र थप साघुँरो बन्दै गएको छ । अस्ट्रेलिया लगायत कतिपय देशले आप्रवासी समूदायका सञ्चार माध्यम सञ्चालन गर्न सरकारी अनुदान दिने गरेको पाइन्छ । तर यस्तो अनुदानको आकार सबै खर्च धान्ने अवस्थाको हुँदैन । राम्रो आर्थिक आम्दानी गर्न सफल वा कुनै निहित स्वार्थ भएका व्यक्तिको निगाह वा प्रभावमा प्राप्त हुनसक्ने आर्थिक लाभले समग्र समुदायको हित हुँदैन । यसले सञ्चार माध्यमको न व्यवसायीकता कायम हुन्छ न दिर्घकालसम्म चलन्ने सुनिस्चितता हुन्छ । यस्तो अभ्यासले उलन्टै समूदायमा विभाजन र गुटबन्दीको लागि माध्यमको दुरूपयोगको खतरा बढि हुन्छ ।

सबैजसो देशमा प्रवासी समुदायका सदश्यहरू छरिएर बसेका छन । इन्टरनेटको जमाना अगाडि यसरी छरिएर रहेको समुदायलाई लक्षित गरी पत्रपत्रिका छाप्नु, रेडियो र टेलिभिजन सञ्चालन गर्नु अत्यन्तै झन्झटिलो र खर्चिलो थियो । इन्टरनेटको आगमनले यस्तो जटिलतालाई समाधान गर्दियो । पत्रिका छापेर हुलाक मार्फत घर र कार्यालयको ठेगानामा 'डिसप्याच' गर्ने जमाना सकियो । समाचार अडियन्ससम्म पुर्याउन मात्र होइन, समूदायका कार्यक्रम र अभियानहरू नै अनलाइन आयोजना हुन थाले । यसले गर्दा सामूदायिक सञ्चारकर्मीले आफ्नो जिम्मेवारीको क्षेत्र थप विस्तार गर्ने अवसर पाए ।

इन्टरनेटले प्रवासी पत्रकारितालाई एउटा नयाँ चरणमा पुर्याएको पक्कै हो । तर, इन्टरनेटमा जसरी सामुदायिक सहभागीता र अन्तरक्रियाका सहज अवसर खुले, उसैगरी पत्रकारिताका लागि व्यवसायिक दायरा भने फराकिला बनेनन । प्रविधिमाथि नाफामुखी सामाजिक सञ्जाल, कन्टेन्ट एग्रिग्रेटर र इकमर्स सञ्चालक लगायत ठूला टेक कम्पनीहरूको नियन्त्रण बढदै गयो । आर्थिक आम्दानीलाई नै पहिलो प्राथमिकता राख्ने यस्ता कम्पनीहरूले अल्पसङ्ख्यक, आप्रवासी वा कमजोर आर्थिक हैसियतका समूदायलाई वेवस्ता गरेका छन । संसारभर मुलधारको पत्रकारितालाई समेत नै ठूलो आर्थिक सङ्कटमा पुर्याएका यस्ता टेक कम्पनीको चेपुवामा सानो लगानी र सीमित जनशक्तिले सञ्चालन गर्ने प्रवासी मिडिया नपर्ने कुरै भएन ।

फेरी यतिबेला हामी प्रविधिको अर्को सङक्रमणकालिन चरणमा प्रवेश गरेका छौं । आर्टिफिसियल इन्टेलिजेन्स (एआई) को विकास र प्रयोगमा जुन तिव्रता छ यसबाट अर्को जुगको पत्रकारिता सुरू हुने निश्चित छ । समचार र सूचनाहरू कसरी उत्पादन, प्रशोधन र वितरण हुन्छन भन्ने अहिलेको 'इकोसिस्टम' मै ठुलो फेरबदल आउने अवस्था देखिएको छ । खासगरी जेनेरेटिभ एआईले जसरी भाषा अनुवाद, लेखन, सम्पादन र वितरणमा काम गर्ने क्षमता विकास गरेको छ यसले हाम्रो काम गर्ने तौर तरिकामा ठूलो फेरबदल ल्याउने पक्का छ । अबको यो सङक्रमणले प्रवासी पत्रकारितामा नयाँ 'स्पेस' सिर्जना गरिदिन्छ वा टिक्नै नसक्ने अवस्थामा पुराइदिन्छ भन्ने हेर्न चाहिँ केही समय प्रतिक्षा गर्नु पर्नेछ ।

# जापानको संघर्ष र वास्तविकता – नयाँ विद्यार्थीहरूका लागि एउटा जीवनदृष्टिकोण



दिलेन्द्र प्रसाद जोशी
संयोजक, प्रवासी नेपाली सम्पर्क विभाग (जापान)
CEO-PROFESSIONAL GLOBAL NETWORK (PGN)

**परिचय**

म दिलेन्द्र प्रसाद जोशी, जापानमा करिब १२ वर्षदेखि बस्दै आएको एक साधारण नेपाली नागरिक हुँ। विद्यार्थी जीवनदेखि लिएर कर्मचारी, विभिन्न संघ–संस्थामा लामो समयसम्मको संलग्नता, अनि अहिले आफ्नै कम्पनी सञ्चालन गरिरहेको अनुभवबाट जापानको वास्तविकता र संघर्षलाई नजिकबाट बुझ्ने अवसर पाएको छु।

नेपालबाट हजारौंको संख्यामा विद्यार्थीहरू जापान आउने क्रम निरन्तर जारी छ। ती विद्यार्थीहरूको सपना, संघर्ष, श्रम र आशालाई मैले नजिकबाट देख्दै, बुद्दै र महसुस गर्दै आएको छु – किनकि म स्वयं पनि त्यही यात्रा पार गर्दै यहाँसम्म आइपुगेको हुँ।

फुकुओका नेपाल सोसाइटीजस्तो संस्था, जुन आफैंमा एक गौरवपूर्ण र आदरणीय संस्थाको रूपमा स्थापित छ, म स्वयं यस संस्थामा बसेर दुई कार्यकालसम्म सक्रिय योगदान गर्ने सौभाग्य पाएको छु। यो संस्था विगत तीन दशकदेखि प्रवासी नेपालीहरूबीच सम्बन्ध, सहयोग, सहकार्य र आत्मीयताको भावना विकास गर्न निरन्तर क्रियाशील रहँदै आएको छ।

आज यो संस्था ३०औं वर्षमा प्रवेश गर्दै गर्दा, म आफ्ना केही यथार्थ अनुभवहरू र सुझावहरू जापान आउने नयाँ विद्यार्थीहरूलाई समर्पण गर्न चाहन्छु – ताकि उनीहरूले यहाँको जीवन सहज रूपमा अगाडि बढाउन सकुन र आफ्नो सपना साकार गर्न सकुन।

**१. सपना बोकेर आउनेहरू – यथार्थ पनि बुझ्न जरुरी**

नेपालमा हुँदा हामी जापानलाई सम्भावनाको मुलुक ठान्छौं, तर यहाँ आइपुगेपछि थाहा हुन्छ – यो सम्भावनाको साथमा कठोर परिश्रम र जिम्मेवारीको देश हो। विद्यार्थी जीवन भनेको केवल किताब पढ्नु मात्र होइन – काम, भाषा, सामाजिक व्यवहार, अनुशासन, मानसिक सन्तुलन, सबैको संयोजन हो। यहाँ संघर्ष छ, तर अवसर पनि छ। सजिलो सफलताको अपेक्षा गर्नु मूर्खता होस तर इमान्दार परिश्रम गर्नेले यहाँ बाटो पाउँछ।

**२. भाषा, आत्मनिर्भर जीवनको पहिलो कुञ्जी**

जापानमा भाषा केवल सम्प्रेषणको माध्यम होइन, अवसरको ढोका हो। स्कुल, काम, अस्पताल, बैंक – सबैमा भाषा अत्यन्तै महत्वपूर्ण हुन्छ।

**मेरो सुझावः**

जापान आएपछि पहिलो वर्ष भाषा सिक्न केन्द्रित हुनुहोस।

जापानीज भाषा परिक्षाको लेभल एन ३ वा सोभन्दा माथिको स्तरमा पुग्न प्रयास गर्नुहोस।

**३. जापान – समय, शिष्टाचार र नियमको देश**

यहाँ ढिलाइ गर्नु, अनुमति नलिइ काम गर्नु, असावधानीपूर्वक बोल्नु आदि कुरा गम्भीर गल्ती ठानिन्छ। हुन्छ नि भन्ने नेपाली सोच जापानमा स्वीकार्य छैन। सुरुका दिनदेखि नै नियम, मितव्ययिता, अनुशासन, समयप्रतिको सम्मान सिक्नुहोस।

**४. कामको मोहले पढाइ गुमाउने गल्ती नगरौं**

जापानको नियम अनुसार दिनको ८ घण्टा नकटने गरी हप्तामा २८ घण्टासम्मको पार्ट–टाइमगर्न पाउने अनुमति छ। तर कामको लोभमा धेरैजसो विद्यार्थी पढाइबाट टाढिन्छन। कमाइ एक सीमासम्म राम्रो लाग्न सक्छ – तर पढाइ नबिगारी, भविष्य सुरक्षित बनाउनु सबैभन्दा जरुरी छ। सन्तुलन राख्न जान्नु नै जापानमा दीर्घकालीन सफलताको सूत्र हो।

**५. एक्लोपन र मानसिक स्वास्थ्य – बोल्न नडराऔं**

जापानमा धेरै विद्यार्थी मानसिक तनाव, डिप्रेसन वा एक्लोपन भोग्छन । तर सम्झनुहोस तपाईं एक्लो हुनुहुन्न। साथीहरू, समुदाय, अग्रजहरूसँग खुलेर कुरा गर्नुहोस। सहयोग माग्नु कमजोरी होइन। यो बुझनु नै बलियो बन्ने सुरुवात हो।

**६. कानुनको पालना अनिवार्य छ**

जापानमा कानुन एकदमै कडाइका साथ लागू हुन्छ।

भिसा म्याद, पार्टटाइमको घण्टा, कर प्रणाली, आवास अनुमति, बीमा, बैंक खाता – सबै कुरामा सजग हुनुहोस ससाना गल्तीले ठूलो क्षति पुर्याउन सक्छ सतर्क रहनुहोस।

**७. यहाँ सिक्न र सफल बन्ने अवसर पनि छ**

जापानमा शिक्षा, सीप, संस्कार, अनुशासन सबै कुरा जीवनको पूँजी बन्न सक्छ । यहाँ कमाएर मात्र होइन, सिकेर फर्किने सोच राख्नुहोस। मैले पनि भाषा सिकें, अध्ययन गरें, कम्पनीमा काम गरें, र अहिले आफ्नै संस्था पिजीएन कम्पनी लिमीटेड सञ्चालन गरिरहेको छु। तपाईं पनि सक्नुहुन्छ आत्मविश्वास राख्नुहोस।

**८. नयाँ विद्यार्थीहरूका लागि केही सुझाव**

क. भाषा सिक्न कहिल्यै ढिला नगर्नुहोस।

ख. पढाइलाई पहिलो प्राथमिकता दिनुहोस।

ग. पैसा कमाउने मोहमा आफूलाई नबिर्सनुहोस।

घ. नियमअनुसार चल्नुहोस छोटो बाटो नखोज्नुस।

ङ. साथीहरू, समुदायसँग जोडिनुहोस।

च. लक्ष्य र सपना सम्झिरहनुहोस – किन जापान आउनुभएको हो भनेर।

**निष्कर्ष**

जापानमा संघर्ष छ – तर त्यसै संघर्षमा सफलता पनि लुकेको छ। फुकुओका नेपाल सोसाइटीले ३० वर्षदेखि जुन समर्पण र सेवाको भावना बोकेको छ, त्यसको सम्मानमा यो सन्देश नयाँ पुस्तालाई समर्पित छ।

(सपना देख्नुस, संघर्ष गर्नुस, तर कहिल्यै हार नमान्नुस।) सकारात्मक सोच, दृढ परिश्रम र सहकार्यको भावना नै जापानमा सफल हुने मूल मन्त्र हो।

फुकुओका नेपाल सोसाइटी – ३० वर्षको गौरवपूर्ण यात्रामा हार्दिक बधाई।

# जापानी शिक्षा प्रणाली



गोपाल शर्मा
पिएचडी विध्यार्थी
क्युस्यु युनिभर्सीटी फुकुओका

शिक्षा कुनै पनि राष्ट्रको सामाजिक, आर्थिक र वैज्ञानिक विकासको मेरुदण्ड हो। जापानले आधुनिक प्रविधि, नवप्रवर्तन, अनुशासन र कठोर श्रम संस्कृतिमा आधारित शिक्षा प्रणाली अपनाएको छ। जापानी विश्वविद्यालयहरू तथा सेन्मोन गाक्को (व्यावसायिक विद्यालय)ले उच्चस्तरीय शिक्षाद्धारा विद्यार्थीहरू लाई ग्लोबल प्रतिस्पर्धात्मक संसारमा सफलता प्राप्त गर्न सक्षम बनाउँछन्। नेपाल लगायतका विकासशील राष्ट्रका विद्यार्थीहरू जापानी शिक्षा प्रणालीबाट धेरै लाभान्वित हुन सक्छन्।

जापानी शिक्षा प्रणाली अनुशासन, श्रम संस्कृति, व्यावहारिक सीप, अनुसन्धान, र समान अवसर मा आधारित छ। विद्यार्थीहरूलाई समयपालन, कठोर परिश्रम, र गृहकार्य समयमै पूरा गर्ने संस्कार सिकाइन्छ, जसले विद्यार्थीहरूलाई ग्लोबल प्रतिस्पर्धा गर्न सक्षम बनाउँछ। जापानी विश्वविद्यालयहरूले किताबी ज्ञान प्रदान मात्र नभई, प्रयोगशाला कार्य, इन्टर्नसिप, कम्पनीहरूसँग सहकार्य तथा अनुसन्धान परियोजनाहरूमा विशेष ध्यान दिन्छन्। जापानी विश्वविद्यालयहरू नवप्रवर्तन (Innovation)मा केन्द्रित छन्, जहाँ नानो टेक्नोलोजी, बायो इन्जिनियरिङ, रोबोटिक्स तथा हरित प्रविधि जस्ता क्षेत्रमा उल्लेखनीय योगदान गरिएको छ। उदाहरणका लागि, धेरै विश्वविद्यालयहरूमा विद्यार्थीहरूले टोयोटा, होंडा, सोनी, पानासोनिक, र मित्सुबिशी जस्ता ठूला कम्पनीहरूमा इन्टर्नसिप गर्ने अवसर पाउँछन्। विद्यार्थीहरूले अनुशासन र मेहनत (Discipline & Hard Work Culture) लाई आत्मसात गर्दै, कक्षा, अनुसन्धान तथा अतिरिक्त क्रियाकलापहरूमा कडा प्रतिबद्धता देखाउनुपर्छ। जापानी शिक्षा प्रणालीमा प्रोफेसर र विद्यार्थीबीच सम्मानजनक सम्बन्ध कायम राखिन्छ, जसले शिक्षाको गुणस्तर अझ प्रभावकारी बनाउँछ। जापानी विश्वविद्यालयहरूले विद्यार्थीहरूलाई ग्लोबल प्रतिस्पर्धा गर्न योग्य बनाउने उत्कृष्ट शिक्षा प्रदान गर्छन्। यहाँ अध्ययन गर्न चाहने विदेशी विद्यार्थीहरूका लागि विशेष कार्यक्रमहरू सञ्चालन गरिन्छ, जसअन्तर्गत अंग्रेजी माध्यमका स्नातकोत्तर र Phd पाठयक्रमहरू उपलब्ध छन्। साथै, जापानले विदेशबाट आएका विद्यार्थीहरूलाई छात्रवृत्ति, अनुसन्धान अवसर, तथा रोजगारीको सम्भावना प्रदान गर्ने भएकाले यो अध्ययनका लागि उत्कृष्ट गन्तव्य मानिन्छ। जापान शिक्षाका साथसाथै जापान रोजगारीका उत्कृष्ट अवसरहरू प्रदान गर्ने देश हो। जापानी विश्वविद्यालयबाट स्नातक हुने (८५ भन्दा बढी विद्यार्थीहरूले रोजगारी प्राप्त गर्ने सम्भावना राख्छन्। टोयोटा, सोनी, हिटाची, मित्सुबिशी, होंडा जस्ता ठूला कम्पनीहरूले जापानी विश्वविद्यालयका विद्यार्थीहरूलाई प्राथमिकता दिन्छन्। साथै, अन्तर्राष्ट्रिय विद्यार्थीहरूका लागि पनि स्नातकपछि जापानी कम्पनीहरूमा जागिरको अवसर उपलब्ध छ। जापान विश्वको तेस्रो ठूलो अनुसन्धान तथा विकास (R&D) मा खर्च गर्ने देश हो, जहाँ विश्वविद्यालयहरू सरकारी तथा निजी क्षेत्रसँग सहकार्य गरी वैज्ञानिक अध्ययनलाई प्रवर्द्धन गर्छन्। अन्तर्राष्ट्रिय शिक्षा प्रणालीलाई प्रवर्द्धन गर्दै, १०० भन्दा बढी देशका विद्यार्थीहरू जापानी विश्वविद्यालयहरूमा अध्ययन गर्छन्। साथै, विद्यार्थीहरूले ग्लोबल नेटवर्किङ, अन्तर्राष्ट्रिय सम्मेलन, तथा द्धैदेशिक अनुसन्धान (Bliateral Research Clloaboration) को अवसर प्राप्त गर्छन्, जसले उनीहरूको शिक्षालाई अझ प्रभावकारी बनाउँछ।

अन्तर्राष्ट्रिय विद्यार्थीहरूका लागि जापानमा विभिन्न छात्रवृत्तिका अवसरहरू उपलब्ध छन्। MEXT छात्रवृत्ति जापानी सरकारद्धारा प्रदान गरिने पूर्ण छात्रवृत्ति हो, जसले शिक्षण शुल्क, आवास, यात्रा खर्च, तथा मासिक भत्ता समावेश गर्छ। त्यस्तै, JASSO छात्रवृत्तिले मासिक ४८,००० ($३००)को आर्थिक सहायता प्रदान गर्छ। साथै, विश्वविद्यालयहरू

आफैंले विभिन्न छात्रवृत्ति कार्यक्रमहरू सञ्चालन गर्छन, जसमा निजी संस्थाहरूको सहयोग पनि हुन्छ । जापानी विश्वविद्यालयहरूमा अध्ययन गर्दा विद्यार्थीहरूले विश्वस्तरीय शिक्षा, व्यावसायिक सीप, रोजगारीका अवसर, अनुसन्धानमा संलग्न हुने अवसर तथा अन्तर्राष्ट्रिय नेटवर्क विस्तार गर्ने सम्भावना पाउँछन । यदि तपाईं जापानमा अध्ययन गर्न चाहनुहुन्छ भने, जापानी भाषा सिक्ने, छात्रवृत्तिको खोजी गर्ने र आफ्नो भविष्यका लागि रणनीतिक तयारी गर्ने आवश्यक छ ।

**आधारभूत शिक्षा (Primary & Secondary Education)**

प्राथमिक विद्यालय (Shōgakkō, ६वर्ष) मा विद्यार्थीहरूलाई अनुशासन, समय व्यवस्थापन, र आत्मनिर्भरता सिकाइन्छ । साथै, समूहमा काम गर्ने संस्कृति र विद्यालय आफैं सफा गर्ने अभ्यास अनिवार्य हुन्छ, जसले स्वच्छता र सहकार्यको महत्व बुझ्न मद्दत गर्छ । माध्यमिक विद्यालय (Chūgakkō, ३ वर्ष) मा व्यावहारिक ज्ञान, खेलकुद, कला, र प्रविधि समान रूपमा समावेश गरिन्छ, जसले विद्यार्थीहरूको बहुआयामिक विकास सुनिश्चित गर्छ । साथै, यहाँ प्रतिस्पर्धात्मक वातावरण रहेको हुन्छ, जहाँ विद्यार्थीहरू उच्च शिक्षाका लागि गम्भीर रूपमा अध्ययन गर्छन । उच्च माध्यमिक विद्यालय (Kōtōgakkō, ३ वर्ष) मा विद्यार्थीहरूलाई विज्ञान, मानविकी, तथा व्यावसायिक अध्ययनमा विशेषज्ञता हासिल गर्न अवसर प्रदान गरिन्छ । उत्कृष्ट विश्वविद्यालयमा भर्ना हुनका लागि अत्यधिक प्रतियोगिता हुने भएकाले विद्यार्थीहरूले कठोर अध्ययन गर्न आवश्यक हुन्छ ।

उच्च शिक्षा (Higher Education System) जापानको उच्च शिक्षा प्रणाली वैज्ञानिक अध्ययन, अनुसन्धान, र व्यावहारिक ज्ञानमा केन्द्रित छ । विश्वविद्यालय तहका शिक्षा निम्नानुसार हुन्छन ।

स्नातक (Undergraduate, ४वर्ष) तहमा विद्यार्थीहरूले पहिलो दुई वर्ष आधारभूत ज्ञान (General Education) हासिल गर्छन, जबकि अन्तिम दुई वर्षमा विशेषज्ञता अध्ययन गर्नुपर्छ । साथै, जापानी विश्वविद्यालयमा भर्ना हुनका लागि कठोर प्रवेश परीक्षा (EJU–Examination for Japanese University Admission) अनिवार्य हुन्छ । स्नातकोत्तर (Master's, २ वर्ष) तहमा विद्यार्थीहरूले अनुसन्धानमा आधारित अध्ययन गर्दै प्रोफेसरको निर्देशनमा कार्य गर्नुपर्छ । साथै, थेसिस लेखन र प्रयोगशाला अनुसन्धान अनिवार्य हुन्छ, जसले विद्यार्थीहरूको विश्लेषणात्मक र अनुसन्धान क्षमतामा सुधार ल्याउँछ। विद्यावारिधि (PhD, ३–५ वर्ष) तहमा विद्यार्थीहरूले मौलिक अनुसन्धान (Original Research) गर्दै आफ्ना निष्कर्षहरू जर्नलमा प्रकाशन गर्नुपर्छ । साथै, यो स्तर पूरा गरेपछि विश्वविद्यालय वा अनुसन्धान संस्थानमा अनुसन्धानकर्ता वा प्राध्यापक बन्ने अवसर प्राप्त गर्न सकिन्छ ।

**जापानमा अध्ययन गर्न उपयुक्त विषयहरू**

वास्तवमा, कुन विषय अध्ययन गर्ने भन्ने कुरा पूर्ण रूपमा विद्यार्थीको रुचिमा निर्भर हुन्छ । यसमा विद्यार्थीको घरको आर्थिक अवस्था र मानसिक स्वास्थ्य ले पनि महत्वपूर्ण भूमिका खेल्छ । जापानले वैज्ञानिक तथा नवप्रवर्तन क्षेत्रमा ठूलो योगदान दिएको हुनाले, विद्यार्थीहरूले आफ्नो रुचि र सम्भावनाहरू अनुरूप विभिन्न अध्ययन क्षेत्रहरूमध्ये छनोट गर्न सक्छन्न । इन्जिनियरिङ तथा प्रविधि अध्ययनका लागि जापान उत्कृष्ट गन्तव्य हुन सक्छ, जहाँ मेकानिकल, एयरोस्पेस, रोबोटिक्स, इलेक्ट्रिकल, AI र साइबर सुरक्षा जस्ता क्षेत्रहरू विशेष रूपमा विकसित छन । जापानका टोयोटा, होंडा, मित्सुबिशी जस्ता विश्वविख्यात कम्पनीहरूले इन्जिनियरिङका विद्यार्थीहरूलाई प्रत्यक्ष रोजगारी प्रदान गर्छन । सूचना प्रविधि (IT) र कृत्रिम बुद्धिमत्ता (AI) डेटा साइन्स, मेसिन लर्निङ, बिग डाटा र गेम डेभलपमेन्ट जस्ता बिषयहरुमा विशेष अनुसन्धान प्रदान गर्छन । साथै, यहाँका विश्वविद्यालयहरू उद्योगसँग सहकार्य गरी इन्टर्नसिप र व्यावहारिक अनुभवको अवसर उपलब्ध गराउँछन, जसले विद्यार्थीहरूको सीप विकासमा सहयोग गर्दछ । जापानमा स्वास्थ्य अनुसन्धान विश्वस्तरमै उत्कृष्ट रहेको छ, जहाँ अत्याधुनिक प्रविधिहरूको प्रयोग गरिन्छ । विशेष गरी, क्योटो विश्वविद्यालयका वैज्ञानिकहरूले मानव स्टेम सेल

प्रविधिमा उल्लेखनीय योगदान दिएका छन्, जसले मेडिकल साइन्स र जैव प्रविधिमा अनुसन्धान गर्न चाहने विद्यार्थीहरूका लागि जापानलाई उत्कृष्ट गन्तव्य बनाएको छ । जापान व्यवसायिक शिक्षा तथा व्यवस्थापन अध्ययनका लागि अग्रणी मानिन्छ, जहाँ विद्यार्थीहरूले अन्तर्राष्ट्रिय व्यापार, वित्त व्यवस्थापन र उद्यमशीलता जस्ता विषयमा विशेषज्ञता हासिल गर्न सक्छन । हिटोत्सुबासी, वासेदा र केयो विश्वविद्यालयहरू, जुन व्यवसाय प्रशासनका लागि जापानमै उत्कृष्ट मानिन्छन । जापानको शिक्षा प्रणाली अनुशासन, वैज्ञानिक अनुसन्धान, श्रम संस्कार र व्यावसायिक सीपमा आधारित छ, जसले विद्यार्थीहरूलाई ग्लोबल प्रतिस्पर्धा गर्न सक्षम बनाउँछ । चाहे विश्वविद्यालय होस वा सेन्मोन गाक्को (व्यावसायिक विद्यालय), जापानी शिक्षालयहरूले विद्यार्थीहरूको व्यावसायिक दक्षता र नवप्रवर्तन क्षमतामा सुधार ल्याउने कार्य गर्छन । यदि तपाईं जापानमा अध्ययन गर्न चाहनुहुन्छ भने, जापानी भाषा सिक्ने, छात्रवृत्तिको खोजी गर्ने र जापानी समाजलाई बुझ्ने प्रयास गर्नु आवश्यक छ, किनभने यी तत्वहरूले शैक्षिक र व्यावसायिक सफलताको सम्भावनालाई अझ मजबुत बनाउँछ । जापानमा राष्ट्रिय, निजी, सार्वजनिक, प्राविधिक, अन्तर्राष्ट्रिय तथा चिकित्सा विश्वविद्यालयहरूका साथै सेन्मोन गाक्को ( व्यावसायिक सीप विकासका लागि केन्द्रित विद्यालयहरू) उपलब्ध छन, जसले विद्यार्थीहरूलाई आफ्नो रुचि र भविष्यका लक्ष्यअनुसार अध्ययन गर्न विभिन्न अवसरहरू प्रदान गर्छन । प्रत्येक विश्वविद्यालय तथा शिक्षण संस्थाको आफ्नै विशेषता र विशेषज्ञता क्षेत्र हुने भएकाले, विद्यार्थीहरूले आफ्नो लक्ष्य, रुचि र करियर योजनालाई मध्यनजर गर्दै उपयुक्त विश्वविद्यालय छनोट गर्नु आवश्यक हुन्छ ।

सेन्मोन गाक्को (Vocational Clloeges) भनेका व्यावसायिक सीप विकासका लागि विशेष रूपमा डिजाइन गरिएका विद्यालयहरू हुन, जसले विद्यार्थीहरूलाई व्यावहारिक ज्ञान प्रदान गर्दै विशेषज्ञता हासिल गर्न मद्दत गर्छन । सेन्मोन गाक्कोहरू छोटो अवधिका (२ वर्ष) पाठयक्रममार्फत शीघ्र व्यावसायिक दक्षता गराउने भएकाले विद्यार्थीहरू छिट्टै रोजगारका लागि योग्य बन्छन । साथै, यहाँ स्नातक गर्ने विद्यार्थीहरूको रोजगारी दर उच्च हुने भएकाले, उनीहरू प्रत्यक्ष रूपमा विभिन्न उद्योगहरूमा समावेश हुन सक्छन । यस प्रकारका विद्यालयहरूमा रोबोटिक्स, होटल व्यवस्थापन, डिजाइन र गेम डेभलपमेन्ट जस्ता विविध व्यावसायिक सीपमा विशेषज्ञता प्रदान गरिन्छ । साथै, यहाँ अध्ययन गर्ने विद्यार्थीहरूले सूचना प्रविधि, प्रविधि तथा इन्जिनियरिङ, ग्राफिक तथा फेशन डिजाइन र अन्य सिर्जनात्मक क्षेत्रहरूमा व्यावसायिक दक्षता हासिल गर्न सक्छन, जसले उनीहरूलाई प्रतिस्पर्धात्मक बजारमा सफल बनाउँछ ।

**जापानमा सफल करियर बनाउनका लागि आवश्यक रणनीति**

जापानजस्तो प्रतिस्पर्धात्मक देशमा सफलता हासिल गर्न भाषा दक्षता, परिश्रम, इमानदारी र सही मार्गदर्शन अनिवार्य तत्वहरू हुन । जापानमा उच्च शिक्षा हासिल गर्ने वा व्यावसायिक जीवनमा प्रवेश गर्ने सोच राख्ने विद्यार्थी तथा पेशाकर्मीहरूका लागि जापानी भाषा र व्यावसायिक ज्ञान दुवै महत्वपूर्ण हुन्छन । जापान आएको शुरुका एक–दुई वर्ष जापानी भाषा अध्ययनमा केन्द्रित गर्दा भविष्यमा रोजगारी वा व्यापारमा ठूला अवसरहरू प्राप्त गर्न सकिन्छ । जापानमा धेरैजसो कम्पनीहरूमा जेएलपिटी एन २ वा एन १ स्तरको भाषा दक्षता आवश्यक पर्छ । किनभने जापानी कम्पनीहरूमा रोजगारी पाउन जापानी भाषा दक्षता अनिवार्य छ । यसले जापानी समाजमा घुलमिल हुन सजिलो बनाउँछ । व्यवसाय सञ्चालन गर्दा र ग्राहकहरूसँग राम्रो सम्बन्ध कायम राख्न पनि यो सहयोगी हुन्छ । साथै, सरकारी तथा निजी क्षेत्रका छात्रवृत्ति (जस्तैः MEXT र JASSO) प्राप्त गर्न जापानी भाषा ज्ञान लाभदायक साबित हुन्छ । जापानी भाषा प्रवीणता परीक्षा (JLPT) तयारी: JLPT मा एन ५ देखि एन १ सम्मका विभिन्न स्तरहरू हुन्छन, जसमा एन २ वा एन १ स्तर पास गर्नु आवश्यक मानिन्छ । यसको लागि क्लासमा मात्र सीमित रहदैन जापानी साथीहरूसँग नियमित संवाद गर्ने र दैनिक जीवनमा जापानी भाषा प्रयोग गर्ने अभ्यास गर्नुपर्छ । समाचार, पुस्तक, टिभी कार्यक्रमहरू हेर्ने, वास्तविक जीवनका वार्तालाप बुझ्नका लागि जापानी समाचार, पुस्तकहरू र टिभी कार्यक्रमहरू हेर्दा भाषा ज्ञानमा सुधार आउँछ । कम्पनीका नियम तथा व्यवसायिक

शब्दावली सिक्ने, जापानी कम्पनीहरूको कार्यसंस्कृति बुझ्नका लागि व्यवसायिक शब्दावली तथा नियमहरू सिक्नु अनिवार्य छ।

**व्यावसायिक जीवनमा प्रवेश : कति सजिलो वा कठिनहरू**

जापानमा रोजगारी पाउनका लागि शिक्षा, भाषा दक्षता, र नेटवर्किङ अत्यावश्यक हुन्छ। रोजगारी मेला (Job Fair) मा भाग लिने, विश्वविद्यालयहरू वा निजी संस्थाहरूले आयोजना गर्ने रोजगार मेलामा सहभागी भई कम्पनीहरूसँग प्रत्यक्ष सम्पर्क गर्नु फाइदाजनक हुन्छ। इन्टर्नशिप गर्ने, जापानी कम्पनीहरूमा इन्टर्नशिप गरेर कामको अनुभव बटुल्ने र स्थायी जागिरको अवसर खोज्ने। रोजगारी वेबसाइटहरू प्रयोग गर्ने: Rikunavi, Mynavi, GaijinPot, LinkedIn जस्ता रोजगारी खोज्न सहयोग गर्ने वेबसाइटहरूमा सक्रिय रहने। विश्वविद्यालयका करियर सपोर्ट सेन्टरहरू प्रयोग गर्ने: धेरै जापानी विश्वविद्यालयहरूले रोजगार सहायता सेवा प्रदान गर्छन्, जसले राम्रो कम्पनीहरूमा आवेदन दिन र अन्तर्वार्ताका लागि तयारी गर्न सहयोग गर्छ। जापानी व्यावसायिक संस्कृतिमा समयपालन (Punctuality) अत्यन्त महत्वपूर्ण हुन्छ, जहाँ समयको उच्च मूल्यांकन गरिन्छ। जापानी कम्पनीहरूले अनुशासन (Discipline) र मेहनत (Hard Work) लाई प्राथमिकता दिने भएकाले, इमानदार र परिश्रमी कर्मचारीहरूलाई बढी अवसर प्रदान गरिन्छ। यहाँ व्यक्तिगतभन्दा समूहमा काम गर्ने परम्परा भएकाले टीमवर्क (Teamwork) अत्यावश्यक मानिन्छ। साथै, कामको क्रममा नयाँ सीपहरू सिक्दै आफ्नो दक्षता बढाउने (Skill Development) संस्कृति रहेकोले, निरन्तर सुधार र विकास अनिवार्य हुन्छ। व्यावसायिक क्षेत्रमा प्रवेश गर्न मात्र होइन, सफल करियर बनाउनका लागि सही मार्गदर्शन आवश्यक हुन्छ। यस्तो अवस्थामा, सिनियरहरूसँग सल्लाह लिनु महत्वपूर्ण हुन सक्छ। सिनियरहरूको अनुभवबाट व्यावसायिक यात्रा सहज र सरल बनाउन सकिन्छ। उनीहरूबाट मार्गदर्शन प्राप्त गर्दा जापानी कार्यसंस्कृति बुझ्न सजिलो हुन्छ, जसले गर्दा कम्पनीमा राम्रोसँग घुलमिल हुन सकिन्छ। साथै, उनीहरूको सल्लाहले नयाँ जागिर तथा व्यावसायिक अवसरहरू पत्ता लगाउन सहयोग गर्छ। मार्गदर्शन प्राप्त गर्ने प्रभावकारी तरिका भनेको, कम्पनी वा विश्वविद्यालयका सिनियरहरूसँग नियमित सम्पर्क राखी उनीहरूसँग अनुभव साटासाट गर्दा व्यावसायिक मार्गदर्शन प्राप्त गर्न सकिन्छ। साथै, नेपाली विद्यार्थी तथा पेशाकर्मीहरूको संघसंस्थामा सहभागी हुँदा नेटवर्क विस्तार गर्न मद्दत हुन्छ। त्यसैगरी, LinkedIn वा अन्य प्रोफेशनल नेटवर्किङ साइटहरूमा सक्रिय रहेर रोजगारी तथा व्यवसायिक अवसरहरूको खोजी गर्न सकिन्छ।

**जापानमा व्यापार गर्ने चाहनेहरूका लागि रणनीति**

जापान केवल रोजगारीका लागि मात्र नभई, व्यापार (Entrepreneurship) को लागि पनि उत्कृष्ट अवसर प्रदान गर्ने देश हो। यहाँ व्यवसाय सञ्चालन गर्नका लागि केही महत्वपूर्ण कदमहरू लिनुपर्छ। सबैभन्दा पहिले, व्यवसायिक अनुमति ( Business License) लिन आवश्यक हुन्छ, जसले कानुनी रूपमा व्यवसाय सञ्चालन गर्न अनुमति दिन्छ। त्यसपछि, वित्तीय व्यवस्थापन गर्नुपर्छ, जसले लेनदेन प्रक्रिया सहज बनाउँछ। साथै, जापानी ग्राहकहरूको माग बुझी उनीहरूको आवश्यकता अनुसार सेवा वा उत्पादन उपलब्ध गराउनु महत्वपूर्ण हुन्छ। अन्त्यमा, व्यापारलाई सफल बनाउन उपयुक्त नेटवर्किङ गर्नुपर्छ, जसका लागि नेपाली तथा जापानी व्यवसायीहरूसँग राम्रो सम्बन्ध कायम गर्न आवश्यक छ।

**निष्कर्ष**

जापानी समाजमा इमानदारी अत्यन्त महत्वपूर्ण हुन्छ, जहाँ विश्वासनीयता नै सफलता प्राप्त गर्ने आधार मानिन्छ। जापानी कार्यसंस्कृतिमा – Ganbaru (मेहनत गर्ने) संस्कार गहिरोसँग जरा गाडिएको छ, जसले निरन्तर परिश्रम र प्रतिबद्धतालाई प्राथमिकता दिन्छ। नयाँ ठाउँमा स्थापित हुन समय लाग्न सक्छ, त्यसैले सहनशीलता (Patience) आवश्यक हुन्छ, जसले धैर्यपूर्वक चुनौतीहरू सामना गर्न मद्दत गर्छ। सफलताको लागि लगातार सिकाइ (Continuous Learning) अनिवार्य छ, जसअन्तर्गत जापानी भाषा, प्रविधि, र संस्कृति बुझेर आफूलाई निरन्तर सुधार गर्नुपर्छ। जापानमा सफल हुनका लागि पहिलो प्राथमिकता जापानी भाषा अध्ययन लाई दिनुपर्छ, किनभने भाषा दक्षताले रोजगारी र व्यवसायिक अवसरहरू बढाउँछ। त्यसपछि, उचित रोजगारी खोज्दै जापानी व्यावसायिक संस्कृतिलाई आत्मसात गर्नुपर्छ, जसले काम गर्ने वातावरणमा सजिलै घुलमिल हुन मद्दत गर्छ। सफल करियर निर्माण गर्न अनुभवी सिनियरहरूसँग सल्लाह लिनु र सही मार्गदर्शन प्राप्त गर्नु आवश्यक हुन्छ, किनभने उनीहरूको अनुभवले सही दिशा देखाउन सक्छ। त्यस्तै, आफ्नो दक्षता र व्यावसायिक क्षमता निरन्तर सुधार्दै नयाँ सीपहरू सिक्न आवश्यक हुन्छ, जसले प्रतिस्पर्धात्मक बजारमा टिक्न मद्दत गर्छ। सबैभन्दा महत्वपूर्ण कुरा, इमानदारी, मेहनत र सहनशीलताको साथ आफ्नो लक्ष्य हासिल गर्न निरन्तर प्रयास गर्नुपर्छ। यदि यी सबै कुराहरूलाई सही ढंगले लागू गर्न सकियो भने, जापानमा सफल हुन गाह्रो छैन।

मेरो नाम गोपाल शर्मा हो। हाल पीएचडीको अन्तिम वर्षका विद्यार्थी, २०२५ मार्च २५ मा इन्जिनियरिङ पीएचडी डिग्री प्राप्त गर्नेछु। स्नातक पछि, म जापानकै शीर्ष कम्पनीमध्ये एक मित्सुबिशी हेवी इंडस्ट्री (Mitsubishi Heavy Industry) मा काम गर्न जानेछु।

मैले २०१४ बाट जापानको फुकुओकामा जापानी भाषा विद्यार्थीको रूपमा अध्ययन सुरु गरेँ। २ वर्ष जापानी भाषा अध्ययन गरेपछि, मैले ४ वर्षे स्नातक कार्यक्रमका लागि जापानी विश्वविद्यालयमा भर्ना लिएँ। एयरोस्पेस इन्जिनियरिङमा स्नातक ( Bachelor's Degree) पूरा गरेपछि, त्यही विश्वविद्यालयमा मास्टर डिग्रीको लागि अध्ययन सुरु गरेँ। मास्टर डिग्री पूरा गरेपछि, मैले जापानका शीर्ष विश्वविद्यालयहरूमध्ये एक, क्युशु विश्वविद्यालय (Kyushu University) मा पीएचडी गर्न भर्ना लिएँ।

११ वर्ष लामो मेरो अन्तर्राष्ट्रिय विद्यार्थी जीवनमा, मैले निजी संस्था तथा विश्वविद्यालयहरूबाट धेरै छात्रवृत्तिहरू प्राप्त गरेँ, जसले मलाई शैक्षिक यात्रामा ठूलो सहयोग गर्यो। मैले आफ्नो सम्पूर्ण ध्यान अनुसन्धानका लागि कार्य तथा डिग्री प्राप्त गर्ने साथै जापानी समाजमा पहिचान बनाउने कुरामा केन्द्रित गरेँ। मेरो अध्ययनका क्रममा, मैले अमेरिका, कोरिया, चीन, इटाली, अष्ट्रेलिया जस्ता विभिन्न देशहरूमा अन्तर्राष्ट्रिय सम्मेलनहरूमा भाग लिन जाने अवसर पाएँ। विशेष कुरा के छ भने, यी सबै यात्रा मैले आफ्नै पैसा खर्च नगरी छात्रवृत्तिहरू र अनुदानको सहायताले पूरा गरेँ।

म जापानमा आएपछि बुझेको कुरा के हो भने, यदि तपाईँ मेहनत गर्न तयार हुनुहुन्छ भने, यहाँ अवसरहरू तपाईँकै लागि छन। जापानमा सफल हुनका लागि जापानी भाषा अत्यावश्यक हुन्छ। तपाईँको लक्ष्य, सपना, रुचि अनुसार अगाडि बढन, जापानी भाषाले जीवनमा महत्वपूर्ण भूमिका खेल्छ। इत्यादी कारणले गर्दा, यदि तपाईँ आफ्नो लक्ष्यलाई पछयाउनुहुन्छ भने, सफलता निश्चित रूपमा प्राप्त गर्न सकिन्छ। माथि उल्लेखित कुराहरू नै मेरो सफलता को कारक हुन।

# स्वर्णिम सपना र संघर्ष को देश जापान



बलराम उपाध्याय
जापान टोकीयो

मानव जीवन कल्पनाको आकाशमा उडने चङ्गा होइन, संघर्षको धरातलमा टेकेर अघि बढने यात्राको नाम हो। हरेक मानिसको हृदयमा कुनै न कुनै स्वर्णिम सपना जन्मन्छ, जो भविष्यको प्रकाशपथ बन्न पुग्छ। तर, ती सपना तब मात्र साकार हुन्छन्, जब तिनलाई सम्भावनाको मियोमा बाँधेर परिश्रमको लहरोले तन्काइन्छ।

हरियो वनपाखा, हिमालको चुली र फाँटभरि लहराएका सुनौला बालिहरू यिनै दृश्यमा हुर्किएका नेपालीहरू आज आफ्ना सपनाका सगरमाथा चढन परदेशिएका छन। समयको बहावसँगै हाम्रो गन्तव्यहरू बदलिएका छन, तर हृदयमा उस्तै छ एक सुन्दर भविष्यको आकांक्षा।

नेपाल सुन्दर भूगोल, संस्कृतिको समृद्धि र आत्मीयताको सुगन्धले ओतप्रोत मातृभूमि हो , जसको मुटुमा जीवन चलायमान छ। तर, आर्थिक अस्थिरता, सीमित अवसर र आधुनिक प्रविधिसँगको दूरतालाई पार गर्दै अगाडि बढन खोज्ने सपनाहरू धेरैका मनमा जन्मन्छन। ती सपनाहरूलाई साकार पार्न, असंख्य नेपालीहरू परदेशिन विवश छन। जापान, जहाँ घडीको सुई पनि अनुशासनमा चल्छ, जहाँ परिश्रम र दक्षताले मात्रै पहिचान दिन्छ–यही भूमिमा आज धेरै नेपालीहरूले आफ्ना सपनाको बीउ रोपिरहेका छन।

तर, के जापान नेपालीहरूका लागि केवल अवसरको भूमि हो? कि यो संघर्षको कठोर परीक्षा दिने एउटा कठोर रणभूमि पनि हो? यस भूमिमा पाइला टेकेपछि मात्र बुझ्न सकिन्छ कि यहाँका सपनाहरू केवल इच्छाले पूरा हुँदैनन। भाषा, संस्कृति, श्रम, समाज सबै कुरासँग तालमेल मिलाउँदै यहाँ आफूलाई स्थापित गर्नुपर्छ। कुनै पनि सपनाको बाटो सरल हुँदैन। मिहिनेतको काँचो माटोलाई संघर्षको घामले पोलेपछि मात्र सफलता नामको सुन फल्दछ। यही सुनौलो भविष्यको खोजीमा जापान आएका नेपालीहरूको जीवन स्वर्णिम सपनाका रंगीन छायाँहरू र कठोर यथार्थका घाउहरूका बीच गुज्रिरहेको छ।

**१)जापानमा नेपालीहरूको आगमन र विस्तार**

संसारका ती थोरै देशमध्ये जापान एक हो, जसले अनुशासन, नवीन प्रविधि र परिश्रमलाई उन्नतिको मेरुदण्ड बनाएको छ। जापान र नेपालको सम्बन्ध ऐतिहासिक रूपमा दृढ रहिआएको छ। सन १९५६मा कूटनीतिक सम्बन्ध स्थापनासँगै नेपाल–जापान सम्बन्धको औपचारिक यात्रा प्रारम्भ भएको हो।

बिगत केही दशकयता  जापान नेपालीहरूका लागि एक प्रमुख गन्तव्य बन्दै आएको छ। विशेष गरी, उच्च शिक्षा तथा रोजगारीका अवसरहरू खोज्दै नेपालीहरू यहाँ आइरहेका छन। Specified Skilled Worker (SSW) तथा अन्य श्रम भिसाहरू लागू भएपछि यहाँ आउने नेपालीहरूको संख्या तीव्र रूपमा बढदै गएको छ।

तर, अवसरका ढोका सजिलै खुल्दैनन। जापान आइपुगेपछि भाषा, संस्कृति, नियमकानुन र कठोर परिश्रमको संसारसँग जुध्नुपर्छ।

**२)जापानमा नेपालीहरूले सामना गर्ने प्रमुख चुनौतीहरू**

**२.१) भाषाको कठिनाइ**

भाषा कुनै पनि समाजको मूल आधार हो। जापानमा सफल हुन जापानी भाषा सिक्नु अपरिहार्य छ। हिरागाना, काताकाना,

कान्जी–यी तीन स्तम्भमा अडिएको जापानी भाषा सहज छैन । भाषा नबुझ्दा धेरै नेपालीहरूले रोजगारी, कानुनी प्रक्रिया तथा सामाजिक घुलमिलमा कठिनाइ भोग्नुपर्छ ।

**२.२) रोजगारीको चुनौती**

जापानमा नेपालीहरू प्रायः होटेल, निर्माण क्षेत्र, वृद्धाश्रम तथा कारखानामा कार्यरत छन । भाषा र सीपको अभावले गर्दा अधिकांशलाई सीमित अवसर मात्र प्राप्त हुन्छ । विद्यार्थी भिसामा आएका नेपालीहरू पनि अत्यधिक श्रम गर्न बाध्य छन, जसले उनीहरूको शैक्षिक जीवनमा प्रभाव पार्ने गरेको छ ।

**२.३) एजेन्टहरूको ठगी र आर्थिक बोझ**

नेपालबाट जापान आउन लाखौँ रुपैयाँ एजेन्टलाई बुझाउनुपर्ने बाध्यता छ । धेरै एजेन्टहरूले गलत सूचना दिएर विद्यार्थीहरूलाई ठग्ने गरेका घटनाहरू निरन्तर आइरहेका छन । ऋणको भारी बोकेर आएका नेपालीहरू यहाँ आएपछि थप संघर्ष गर्न विवश हुन्छन ।

**२.४)सामाजिक एकताको अभाव**

जापानमा नेपालीहरूको संख्या बढदै गए पनि पारस्परिक सहयोग र एकताको अभाव देखिन्छ । जबसम्म नेपालीहरू एकअर्कालाई प्रवर्द्धन गर्न सक्दैनन, तबसम्म सामुदायिक उन्नति सम्भव हुँदैन ।

**३. नेपाली समुदायको सफलता र योगदान**

**३.१)शिक्षा र दक्षता विकास**

जापानमा रहेका नेपाली विद्यार्थीहरू उच्च शिक्षामा सफलता हासिल गरिरहेका छन । IT, Engineering, Management, Hospitality जस्ता क्षेत्रमा उनीहरूले उत्कृष्ट उपलब्धि हासिल गरिरहेका छन ।

**३.२)व्यवसायिक उन्नति**

जापानमा नेपालीहरू व्यवसायिक रूपमा पनि स्थापित हुँदैछन । नेपालीहरूले रेस्टुरेन्ट, ट्राभल एजेन्सी, सुपरमार्केट, निर्माण कम्पनी, वित्तीय परामर्श सेवा जस्ता व्यवसाय सञ्चालन गरिरहेका छन ।

**३.३)सांस्कृतिक पहिचान**

जापानमा रहेका नेपालीहरूले नेपाली महोत्सवहरू आयोजना गर्दै आएका छन । यसले जापानी समाजमा नेपाली संस्कृति प्रवर्द्धन मात्र होइन, नेपालीहरूबीच आत्मीयता पनि बढाएको छ ।

**३.४) नेपाल प्रति लगानी र योगदान**

जापानमा बसेर नेपालीहरूले नेपालमा घर जग्गा खरिद गर्ने, व्यवसायमा लगानी गर्ने तथा परिवारको भविष्य सुरक्षित गर्ने कार्य गरिरहेका छन । कतिपय नेपालीहरूले नेपालमै उद्योग खोल्ने सोच बनाएका छन, जसले नेपालको अर्थतन्त्रमा सकारात्मक प्रभाव पारको छ ।

**४. भविष्यका सम्भावना र सुधारका उपायहरू**

**४.१) भाषा सिकाइलाई प्राथमिकता दिने**

जापानी भाषा राम्रो सिकेपछि मात्र यहाँका अवसरहरूको ढोका खुल्छ।

**४.२)दक्षता विकास र उच्च शिक्षा**

श्रम प्रधान कार्यमा सीमित नभई, उच्च शिक्षा तथा प्रविधि क्षेत्रमा दक्षता विकास गर्न आवश्यक छ ।

**४.३)नीति सुधार र नेपाली संघसंस्थाहरूको भूमिका**

नेपाली संघसंस्थाहरूले परदेशमा रहेका नेपालीहरूलाई उचित मार्गदर्शन, कानुनी सहायता तथा सहयोग प्रदान गर्नुपर्ने आवश्यकता छ ।

**४.४)नेपाली व्यवसाय प्रवर्द्धन र लगानीको वातावरण**

नेपाल–जापान बीचको व्यापार, पर्यटन प्रवर्द्धन तथा लगानीको वातावरण सिर्जना गरी जापानमा व्यवसाय गरिरहेका नेपालीहरूलाई नेपालमै उद्योग–धन्दा विस्तार गर्ने अवसर दिन सकिन्छ ।

**निष्कर्ष**

सपना देख्न मात्र होइन, तिनलाई साकार पार्न कठिन संघर्ष गर्नुपर्छ । जापान नेपालीहरूका लागि अवसरको भूमि हो, तर ती अवसरहरू सजिलै प्राप्त हुँदैनन्न । भाषा, संस्कृति, श्रम, समाज–सबै कुरासँग तालमेल मिलाएर अघि बढनुपर्छ । यदि नेपाली समुदायले अनुशासन, ज्ञान तथा एकतालाई आत्मसात गर्न सके, भने जापानमा नेपालीहरूको भविष्य अझ उज्यालो बन्न सक्छ । संघर्षले मात्र सपना पूरा गर्छ, र अब हाम्रा सपना केवल कल्पनामा सीमित रहने छैनन । अब नेपालीहरूको सफलता विश्वमञ्चमा उज्यालिनुपर्ने समय आएको छ ।

# बीमा, पेन्सन, र कर सम्बन्धी जानकारी



बिनोद सुनार
मानार्थ सदस्य
फुकुओका नेपाल सोसाइटी

फुकुओका नेपाल सोसाइटीको ३० औं वार्षिकोत्सवको यस ऐतिहासिक अवसरमा, मेरो गहिरो सम्मान, गर्व र शुभकामना प्रकट गर्न चाहन्छु । तीन दशकदेखि यो संस्थाले जापान र नेपालबीचको मित्रता, सांस्कृतिक आदानप्रदान र आपसी सहयोगलाई मजबुत बनाउँदै आएको छ । म स्वयंले पनि यससंस्थाको विभिन्न कार्यक्रममा सहभागीभई धेरै राम्रो अनुभवहरू बटुल्न पाएको छु ।

संस्थाको अबको यात्रामा, म चाहन्छु कि तिब्र गतिमा बढदै गरेको नेपालीहरुको आगमन साथ साथै देखिने चुनौतीहरुलाई मध्यनजर गर्दै नेपालीहरूका लागि राम्रो मार्गदर्शकको रूपमा भूमिका निर्वाह गर्न सकोस भन्ने शुभकामना ब्यक्त गर्दछु । साथै नेपाली कला, संस्कृति र साझा भावना मार्फत हामी नेपालीहरू जापानी समुदाय र अन्य समुदायहरू सँग अझ गहिरो सम्बन्ध निर्माण गर्न सकोस भन्ने शुभकामना ब्यक्त गर्दछु ।

अन्त्यमा यस संस्थाले सिर्जना गरेको पुललाई अझ फराकिलो बनाउँदै, भविष्यमा अन्तर सांस्कृतिक संवाद र सहकार्यलाई अझ प्रवर्द्धन गर्न हामी सबैले मिलेर अघि बढनुपर्छ भन्ने मेरो सोच छ । भविष्य अझ उज्यालो, समावेशी र प्रेरणादायी बनोस भन्ने कामना गर्दै, फेरि एकपटक हार्दिक बधाई

जापानमा बस्ने विदेशी विद्यार्थी वा कामदारहरूले बुझ्नैपर्ने विषयहरू बीमा, पेन्सन, र कर सम्बन्धी जानकारी

१. 健康保険（Kenko Hoken）:– स्वास्थ्य बीमाके हो?

जापानमा बसोबास गर्ने हरेक व्यक्तिले स्वास्थ्य बीमा लिनैपर्छ । विद्यार्थी वा कम्पनीमा काम गर्ने व्यक्तिले पनि अनिवार्य रूपमा बीमा लिनुपर्ने हुन्छ ।

बीमा दुई प्रकारका हुन्छन :

क. राष्ट्रीय 健康保険 (Kokumin Kenko Hoken)

तपाईं विद्यार्थी हो भने वा स्वतन्त्र रूपमा काम गरिरहनु भएको छ भने ।

ख. 社会保険 (Shakai Hoken)

तपाईं कम्पनीमा पूर्ण समय (full-time) काम गर्नुहुन्छ भने ।

बीमाका फाइदा :–

(अस्पतालमा उपचार गर्दा ३०प्रतिसत मात्र तिर्नुपर्छ, बाँकी ७० प्रतिसत बीमाले तिर्छ । औषधी खरिदमा पनि छुट हुन्छ ।

२. 年金（Nenkin）:– पेन्सन प्रणाली

पेन्सन प्रणाली के हो?

जापानमा बसोबास गर्ने २० वर्ष उमेर पुगेका सबैले पेन्सन प्रणालीमा सहभागी हुनुपर्छ । विद्यार्थी वा कामदार, दुवैले राष्ट्रिय पेन्सनमा नाम लेखाउनुपर्ने हुन्छ ।

प्रकार :

क. 国民年金 (Kokumin Nenkin)

स्वतन्त्र कामदार वा विद्यार्थीका लागि।
ख. 厚生年金 (Kosei Nenkin)
कम्पनीमा काम गर्नेहरूका लागि।

विद्यार्थीका लागि विशेष सुविधा :–
学生納付特例制度 (Gakusei Nofu Tokurei Seido) – यो प्रणालीमा आवेदन दिएर अस्थायी रूपमा तिर्न नपर्ने सुविधा पाइन्छ।
(नोट :– विद्यार्थी अवधिमा यदि पेन्सन प्रणालीमा नाम उल्लेख गर्न नचाहेमा वडा कार्यालमा निबेदन दिएको अवस्था पेन्सन शुल्क मिनाह हुने छ।)
जापानबाट देश फर्कदा :–
(यदि १ वर्षभन्दा कम समय जापानमा काम गर्नुभयो भने, पेन्सन फिर्ता लिन सकिने 脱退一時金 (Dattai Ichiji-kin) मा आवेदन दिन सकिन्छ।
३. 税金（Zeikin） :– कर प्रणाली
जापानमा तिर्नुपर्ने मुख्य करहरू :
१. 所得税 (Shotokuzei) – आयकर
तपाईंको आम्दानी अनुसार ५ प्रतिशत देखि ४५प्रतिशत सम्म हुन सक्छ। कम्पनीले स्वतः कटौती गर्छ।
नोट :– यदि कम्पनीले नकाटेको अवाथामा आफै तिर्नु पर्ने पनि हुनसक्छ।
२. 住民税 (Juminzei) – बासिन्दा कर
यो कर तपाइँको बसोबासको ठेगानामा आधारित हुन्छ। एक वर्ष बसिसके पछि अर्को वर्षदेखि लागु हुन्छ।
विद्यार्थी भएमा :
कमाई कम भएमा कर तिर्नु नपर्न सक्छ, तर 非課税証明書 (Hikazei Shomeisho) प्राप्त गर्न आवश्यक पर्छ।
केहि महत्वपूर्ण सुझावहरू :–
– नगरपालिका र वडा कार्यालय （区役所 / Ward office）मा जानुहोस र स्थिति अनुसार सही बीमा र पेन्सन प्रणालीमा नाम दर्ता गर्नुहोस।
–देश फर्किँदा पेन्सन फिर्ता लिन आवेदन दिन नबिर्सनुहोस।
–विदेशी बिद्यार्थी (留学生) भिसामा १ हप्तामा २८ घण्टा सम्म र बिद्यालयको लामो विदामा (जापानको नियम अनुसार १ दिन मा ८ घण्टा नकटने गरी अर्थात १ हप्तामा ४० घण्टा सम्म सम्म アルバイト（Part-time）काम गर्न मिल्नेछ।
कृपया नियमको उल्लंघन नगर्नु होस यदी नियम उल्लंघन गरेको अवस्थामा भिजा रद्द पनि हुन सक्छ।
सबैको जापान बसाई सफल रहोस भन्ने कामना गर्दछु।

# जापानमा कोठा खोज्दा ध्यान दिनुपर्ने कुराहरु



शिब प्रसाद पौडेल
सिइयो
ग्लोबल होम नेटवर्क कम्पनी

नेपालको स्वामित्वमा रहेको Global Home Network Company को अनुभव : जापानमा कोठा खोज्दा नेपालीहरू (र अन्य विदेशीहरू) ले सामना गर्ने चुनौतीहरू र समाधानहरू

१. प्रमुख समस्या र चुनौतीहरू

जापानमा नेपाली तथा अन्य विदेशीहरूलाई कोठा भाडामा लिन विभिन्न समस्याहरू आउन सक्छन। हाम्रो अनुभवमा मुख्य चुनौतीहरू यस्ता छन :–

(१) भाषा समस्या

क. धेरै नेपालीहरूलाई जापानी भाषा राम्रोसँग नआउँदा सम्झौताका कागजातहरू बुझ्न गाह्रो हुन्छ।

ख. जापानी घरबेटीहरू अंग्रेजी वा नेपाली बोल्दैनन, जसले गर्दा बुझाइमा समस्या आउँछ। (२) ग्यारेन्टर (保証人) को समस्या

क. जापानमा अधिकांश कोठा लिँदा जापानी नागरिक वा स्थायी बसोबास भएका व्यक्तिलाई ग्यारेन्टर (保証人) बनाउनु पर्छ।

ख. धेरै नेपालीहरू जापानमा नयाँ भएकाले ग्यारेन्टर भेटाउन गाह्रो हुन्छ।

(३) सुरुमा लाग्ने धेरै खर्च

क. जापानमा कोठा भाडामा लिँदा Key Money (礼金), Deposit (敷金), Agent Fee, Insurance, Guarantor Company Fee जस्ता विभिन्न शुल्कहरू तिर्नुपर्छ, जसले गर्दा सुरुको खर्च धेरै महँगो हुन्छ।

ख. कतिपय नेपालीहरू यो खर्चको जानकारी नहुँदा अन्तिम समयमा आर्थिक समस्या आउँछ। (४) घरबेटीको विश्वासको कमी

क. केही जापानी घरबेटीहरू विदेशीहरूलाई कोठा भाडामा दिन हिचकिचाउँछन।

ख. समयमै भाडा नतिर्ने वा घर व्यवस्थित रूपमा नराख्ने चिन्ताले गर्दा केही अपार्टमेन्टहरूले विदेशीलाई कोठा दिन चाहँदैनन।

(५) जापानका नियम कानुन नबुझ्ने समस्या

क. जापानमा अपार्टमेन्टमा बस्दा आवाज कम गर्नु, फोहोरको सही व्यवस्थापन गर्नु, ढिलो भाडा नतिर्नु, अवैध रूपमा धेरै साथीहरूसँग बस्नु, अनुमति बिना व्यापार वा अन्य गतिविधि गर्नु गैरकानुनी हुन्छ।

ख. यस्ता नियम नबुझ्दा नेपालीहरू कानुनी समस्यामा पर्न सक्छन।

२. समाधानहरू र तयारीका आवश्यकताहरू Global Home Network Company ले यी समस्याहरू समाधान गर्न नेपाली समुदायलाई सघाइरहेको छ :

(१) भाषा सहायता

क. हामीले नेपाली, जापानी, र अंग्रेजीमा सेवा दिने भएकाले भाषा समस्याबाट बच्न सहयोग गर्छौं।

ख. सम्झौताका कागजातहरू नेपाली भाषामा बुझाउने व्यवस्था गर्छौं।

(२) ग्यारेन्टर समस्या समाधान ड् जापानको नियमअनुसार ग्यारेन्टर कम्पनी (保証会社) बाट कोठा लिन सकिन्छ, जसको व्यवस्था हामी गराउँछौं। यसले गर्दा नेपालीहरूले व्यक्तिगत ग्यारेन्टर खोज्नु नपर्ने हुन्छ।

(३) खर्च कम गर्ने उपायहरू

क. ग्राहकको बजेट अनुसार कम Key Money, Deposit नभएको वा कम Agent Fee भएको कोठा खोजिदिन्छौं।

ख. महिनाको भाडा कम पर्ने अपार्टमेन्टहरू सिफारिस गर्छौं।

(४) घरबेटीसँग राम्रो सम्बन्ध

क. हाम्रो कम्पनी जापानी घरबेटीहरूसँग राम्रो सम्बन्ध भएकाले नेपाली ग्राहकलाई सहजै कोठा पाउन मद्दत गर्छ।

ख. हामी ग्राहकहरूको जिम्मेवारी लिने भएकाले घरबेटीहरूलाई पनि विश्वास दिलाउँछौं। (५) नियम कानुन बुझाउने सेवा

क. नयाँ कोठा खोज्नेहरूलाई जापानी नियम कानुन बुझाउने र कानुनी समस्या आउन नदिने उपायहरू सिकाउने गर्छौं।

ख. फोहोर व्यवस्थापन, आवाज नियन्त्रण, समयमा भाडा तिर्ने प्रक्रिया, अपार्टमेन्ट नियमहरू बारे जानकारी दिन्छौं।

३. जापानमा कोठा खोज्दा ध्यान दिनुपर्ने कुराहरू Global Home Network Company को सल्लाहः

क. पहिले नै कोठा खोज्ने प्रक्रिया सुरू गर्नु : अन्तिम समयमा कोठा खोज्दा महँगो पर्न सक्छ। ख. आफ्नो बजेट निर्धारण गर्नु : सुरुमा लाग्ने खर्चहरूबारे बुझ्नु।

ग. ग्यारेन्टर व्यवस्थापन गर्नु : हाम्रो सहायता लिएर सही विकल्प छान्नु।

घ. नियम कानुन बुझ्नु : जापानको अपार्टमेन्ट बसाइका नियम पालना गर्न ध्यान दिनु।

ङ. भरोसायोग्य कम्पनीबाट सेवा लिनु : दलालहरूसँग नफस्न Global Home Network Company जस्ता दर्ता भएका कम्पनीहरूबाट कोठा खोज्नु। निष्कर्ष Japan मा कोठा खोज्दा भाषा, ग्यारेन्टर, खर्च, घरबेटीको विश्वास, र नियम कानुनका समस्याहरू आउन सक्छन। तर, Global Home Network Company ले यी समस्याहरू समाधान गर्न नेपाली भाषामा सहायता, सुलभ कोठा, ग्यारेन्टर व्यवस्था र कानुनी परामर्श प्रदान गर्दै आएको छ। नेपालबाट वा जापानमै बसिरहेका नेपालीहरूले सही, सुरक्षित, र विश्वासिलो सेवा पाउन Global Home Network Company लाई सम्पर्क गर्न सक्नुहुन्छ।

ठेगाना : Tokyo, Shinjuku-ku, Hyakunincho 1-17-5 Mezon Ogura 305

फोन : 03-5937-6958

वेबसाइट : globalhomejapan.com

यदि कोठा खोज्दा कुनै समस्या परेमा, हामीलाई सिधै सम्पर्क गर्न सक्नुहुन्छ।

# नेपाली फुटबलको परिकल्पना र भविष्य



बसन्त गौचन
पुर्व राष्ट्रिय खेलाडी

नेपालमा फुटबल सबैभन्दा लोकप्रिय खेलहरूमध्ये एक हो । हरेक गल्ली, स्कुल, र गाउँमा यस खेलको आकर्षण देख्न सकिन्छ । यद्यपि, नेपाली फुटबलले अन्तर्राष्ट्रिय स्तरमा अपेक्षित सफलता प्राप्त गर्न सकेको छैन ।

**हालको अवस्था :**

नेपालको राष्ट्रिय फुटबल टोलीले केही वर्षयता दक्षिण एसियाली प्रतियोगिताहरूमा उलन्लेखनीय प्रदर्शन गरेको छ । घरेलु लिग सुधार हुँदै गएको छ, युवा खेलाडीहरूको उदयले नयाँ आशा दिएको छ, र फुटबल संरचना विस्तारको प्रयास भइरहेको छ । तर, प्रशिक्षकको स्तर, खेलाडी विकास प्रणाली, र आधुनिक पूर्वाधारको अभाव जस्ता चुनौतीहरू अझै विद्यमान छन ।

**भविष्यको परिकल्पना :**

यदि सरकारले फुटबल पूर्वाधारमा लगानी बढायो, स्कुल र स्थानीय क्लबस्तरबाट खेलाडी उत्पादनलाई प्राथमिकता दियो, र निजी क्षेत्रको साझेदारी बढायो भने नेपाली फुटबलले ठूलो फडको मार्न सक्छ ।

१. उच्चस्तरीय प्रशिक्षण अन्तर्राष्ट्रिय मापदण्ड अनुसार प्रशिक्षक र खेलाडीहरूलाई प्रशिक्षण दिने व्यवस्था गर्नु आवश्यक छ ।

२. फुटबल एकेडेमीहरू देशभरि युवा प्रतिभाहरूलाई उत्पादन गर्नका लागि एकेडेमीहरू स्थापना गर्नुपर्छ ।

३. लगानी र व्यवस्थापन सुधार सरकारी र निजी क्षेत्रको सहकार्य आवश्यक छ ।

४. प्रविधिको उपयोग भिडियो एनालाइसिस, खेलाडीको फिटनेस ट्राकिङ्ग र वैज्ञानिक रूपमा खेलको अध्ययन गर्नुपर्ने हुन्छ ।

यदि यी पक्षहरूमा सुधार गर्न सकियो भने नेपाली फुटबलले निकट भविष्यमा दक्षिण एशियाली क्षेत्रमा प्रभुत्व जमाउँदै अन्तर्राष्ट्रिय स्तरमा समेत पहिचान बनाउने निश्चित छ ।

# जापानमा युनिभर्सीटीका लागी गर्नुपर्ने तयारीहरू



सज्जन सुवेदी
सदस्य
फुकुओका नेपाल सोसाइटी

जापानमा आफ्नो अध्ययन क्षेत्र अनुसार काम गर्ने अवसर हुने र अध्ययन क्षेत्र अनुसार को सुल्क लाग्ने हुनाले आफुलाई मनपर्ने क्षेत्र र आफ्नो अध्ययनको क्षमता अनुसार छनौट गर्नुपर्ने हुन्छ ।

जसमा जापानिज र अंग्रेजी मध्यम पनि छनोट गर्न सकिनेछ ।(सबै बिश्वबिद्यालयमा अंग्रेजी मध्यम हुदैन)

तपाइले आफुले भर्ना लिन लागेको बिद्यालयको सुल्कको बारेमा पनि राम्रो संग बुझ्न जरुरी छ ।

**भाषा आवश्यकताहरू पूरा गर्नुहोस**

JLPT (Japanese Language Proficiency Test) N2 or N1 उत्तीर्ण गर्नु आवश्यक हुन सक्छ ।

EJU (Examination for Japanese University Admission for International Students) मा सहभागी जनायको हुनु पर्ने हुन्छ । यो उपलब्धि मापन जाचमा पास अंक हुदैन भने बिश्वबिधालय अनुसार हुनका लागि आफुले प्राप्त गर्नु पर्ने अंक भने तोकीएको हुन्छ ।

**अङ्ग्रेजी भाषामा अध्ययन गर्नुस ।**

